# प्रारम्भिक बालबिकास कार्यक्रमको प्रभावकारिता

त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर (एम.एड.) दोस्रो वर्ष शैक्षिक योजना तथा

व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि

शैक्षिक योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत

**शोधपत्र**


शोधकर्ता

बिनोदकुमार गौतम

तहः स्नातकोत्तर द्वितीय वर्ष

त्रि.वि.वि.दर्ता नं.४२५६७८–९१

परीक्षा रोल नं. : २१४००२६

क्याम्पस रोल नं. : २०६



प्रस्तुत

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इनद्रपुर मोरङ्ग

२०६८,फागुन

# प्राक्कथन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह  शैक्षिक योजना तथा व्यवस्थापन विषय दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत **"प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारीता"** शोधकार्य गर्ने क्रममा प्रस्ताव लेखन देखि नै सरसल्लाह, सुझाव दिनुका साथै आवश्यक मार्गदर्शन गर्नुहुने शोध निर्देशक श्री भोजराज घिमिरेज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु साथै यस कार्यमा आवश्यक सहयोग गर्नुहुने उप-प्राध्यापक श्री केशव भट्टराई र सहायक क्याम्पस प्रमुख उप-प्राध्यापक श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

अध्ययनको क्रममा तथ्याङ्क एवं सुचनाहरु उपलब्ध गराएर सहयोग गर्नुहुने सहयोगी कार्यकर्ता, प्रधानाध्यापक, शिक्षक, अभिभावक, स्रोतव्यक्ति, जि.शि.का. झापा प्रति आभारी छु । त्यसैगरी हस्तलिखित पाण्डुलिपिलाई टंकन गरी व्यवस्थित गराउने अर्जुनधारा कम्प्युटर इन्स्टिच्युट र श्री बिकास राईज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

बिनोदकुमार गौतम
२०६८

# शोधसार

यो अध्ययन “**प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता”** शीर्षकमा केन्द्रित छ । प्रारम्भिक बालविकास कार्यक्रमको वर्तमान अवस्थाको अध्ययन गर्ने, बालविकास कार्यक्रमको अवसर प्राप्त गर्ने र प्राप्त नगर्ने बालवालिकाको सिकाई उपलब्धी विश्लेषण गर्ने, यस कार्यक्रमका समस्याहरु पहिचान गर्ने र समस्याका समाधानका उपायहरु पत्ता लगाउने मुख्य उद्देश्यले यो शोधकार्य गरिएको छ ।

यो शोधकार्यलाई पूरा गर्नका लागि परिमाणात्मक अनुसन्धानात्मक विधिको प्रयोग गरिएको छ । जसमा तालिका, औसत, प्रतिशत, स्तम्भचित्र जस्ता साधनहरुको प्रयोग गरिएको छ । झापा जिल्लाको शनिश्चरे स्रोत केन्द्रका बाह्र वटा बालविकास केन्द्र, त्यसमा रहेका बालवालिकाहरु, सहयोगी कार्यकर्ताहरु, प्रधानाध्यापकहरु, अभिभावकहरु र शिक्षकहरुलाई जनसंख्याका रूपमा लिइएको छ भने पाँच वटा बालविकास केन्द्र, त्यसमा रहेका सहयोगी कार्यकर्ता पाँचजना, प्रधानाध्यापक, पाँचजना शिक्षक, पचासजना बालवालिका र बीसजना अभिभावकहरुलाई उद्देश्यपूर्ण नमुना छनौट विधिवाट नमुनाको रूपमा छनोट गरिएको छ । नमुना छनोट गर्दा आर्थिक रूपमा धान्न सकिने, समय-समयमा पुग्न सकिने तथा लिङ्ग, जाति जस्ता कुरालाई आधार लिइएको छ ।

स्थलगत अध्ययन, अवलोकन, छलफल तथा अन्तर्वार्तावाट प्राप्त जानकारीको विश्लेषण गर्दा हाल संचालन भइरहेका बालविकास केन्द्रको अवस्था सामान्यतः सन्तोषजनक पाइएको छ । बालविकास कार्यक्रमले बालवालिकाहरुमा विद्यालय जाने बानिको विकास गराएको छ । बालविकास कार्यक्रमको अवसर प्राप्त गरेका बालवालिकाको औसत उपलब्धी अवसर अप्राप्तको तुलनामा उच्च रहेको छ । अन्य अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप र सामाजिक विकास सम्बन्धी सीपमा पनि अवसर प्राप्त बालवालिकारु अवसर अप्राप्त भन्दा सबल देखिएका छन् । सहयोगी कार्यकर्ताको पारिश्रमिक न्यून हुनु, तालिम पर्याप्त नहुनु, आर्थिक स्रोतको अभाव हुनु, अभिभावक शिक्षाको व्यवस्था नहुनु जस्ता प्रमुख समस्याहरु यस क्षेत्रमा देखिएका छन् ।

प्रारम्भिक बालविकास कार्यक्रमलाई अझ प्रभावकारी बनाएर लान सरकारले यस कार्यक्रमका लागि लगानी वृद्धि गर्नुपर्ने देखिएको छ । सहयोगी कार्यकर्तालाई थप तालिमको व्यवस्था गर्ने र पारिश्रमिक वृद्धि गरी उनीहरुको मनोबल उकास्नु पर्ने देखिएको छ । बालविकास केन्द्रप्रति अभिभावकलाई सचेत गर्न अभिभावक शिक्षा कार्यक्रम संचालन गर्न आवश्यक देखिएको छ । शौचालय, बगैंचा, खेलमैदान, शैक्षिक सामग्री, दिवा खाजाको उपयुक्त व्यवस्था गरी बालवालिकालाई सिक्नका लागि रमाइलो वातावरण तयार गर्नुपर्ने देखिएको छ । यसका लागि अभिभावक, स्थानीय निकाय र राज्य सबै तर्फवाट प्रयास हुन आवश्यक छ ।

# विषयसूची

**शीर्षक** **पेज नं.**

सिफारिश पत्र i
स्वीकृति पत्र ii
प्राक्कथन iii
शोधसार iv
विषयसूची v
तालिका सूची vii
स्तम्भचित्र सूची viii
केही सक्षिप्त शब्दको पूर्ण रूप ix

**परिच्छेद एक : परिचय**

१.१ पृष्ठभूमी १
१.२ समस्याको कथन ४
१.३ अध्ययनको औचित्य ५
१.४ अध्ययनको उद्देश्यहरु ५
१.५ अनुसन्धानात्मक प्रश्नहरु ५
१.६ अध्ययनको परिसिमा ६

**परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ८
२.२ अध्ययनको सैद्धान्तिक खाका १०
२.३ पुनरावलोकनको उपादेयता ११

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धानात्मक ढाँचा १३
३.२ जनसंख्या १३
३.३ नमुना छनोट विधि र नमुनाको आकार १३
३.४ नमुना छनोटको आधार १४
३.५ अनुसन्धानका साधनहरु १५
३.६ तथ्याङ्कका स्रोतहरु १५
३.७ तथ्याङ्क संकलन प्रक्रिया १६
३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया १६

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**

४.१. प्रारम्भिक बालविकास कार्यक्रमको अवस्था १७
४.१.१ बालविकास कार्यक्रमको भौतिक अवस्था १७
४.१.२ शैक्षिक सामाग्रीको अवस्था १९
४.१.३ सहयोगी कार्यकर्ताको अवस्था २०

४.१.४ विद्यालय उपस्थितिको तुलना २१
४.२ बालबालिकाको सिकाई उपलब्धी विश्लेषण २३
४.२.१ औसत प्राप्ताङ्क २३
४.२.२ बालबालिकाहरुको मानसिक विकास २५
४.२.३ मानसिक विकासको सम्बन्धमा शिक्षकहरुको प्रतिक्रिया २८
४.२.४ सीप विकासको अवस्था २८
४.३ प्रारम्भिक बालविकास कार्यक्रम संचालनमा देखा परेका समस्याहरु ४३
४.३.१ छुट्टै भवनको व्यवस्था ४३
४.३.२ उपयुक्त खेलमैदान ४३
४.३.३ बगैंचाको व्यवस्था ४४
४.३.४ उपयुक्त फर्निचर ४४
४.३.५ शैक्षिक सामाग्री ४४
४.३.६ खेल सामाग्री ४४
४.३.७ अभिभावक शिक्षा ४४
४.३.८ सहयोगी कार्यकर्तालाई तालिम ४५
४.३.९ सहयोगी कार्यकर्ताको पारिश्रमिक ४५
४.३.१० आर्थिक अभाव ४५
४.३.११ सुपरिवेक्षण तथा अनुगमन ४५
४.४ प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु ४६
४.४.१ भौतिक व्यवस्थापनमा सुधार ४६
४.४.२ शैक्षिक सामग्री ४७
४.४.३ खेल सामग्री ४७
४.४.४ खाजाको व्यवस्था ४७
४.४.५ नियमित अनुगमन तथा सुपरिवेक्षण ४७
४.४.६ सहयोगी कार्यकर्तालाई तालिमको व्यवस्था ४८
४.४.७ स.का.को पारिश्रमिक ४८
४.४.८ अभिभावक शिक्षा ४८

**परिच्छेद पाँच : अध्ययनको प्राप्ति निष्कर्ष र सुझावहरु**

५.१ अध्ययनको प्राप्ति ४९
५.२ अध्ययनको निष्कर्ष ५०
५.३ अध्ययनको सुझाव ५०
सन्दर्भग्रन्थ सूची क
अनुसुचीहरु i-xiv

## तालिकासूची


| तालिका नं. | शीर्षक | पेज |
|---|---|---|
| १ | नमुना जनसंख्या | १४ |
| २ | कक्षाकोठाको विवरण | १८ |
| ३ | शैक्षिक सामाग्रीको अवस्था | १९ |
| ४ | अवसर प्राप्त र अवसर अप्राप्त बालबालिकाको औसत उपस्थिति विवरण | २१ |
| ५ | विद्यालय जाने प्रवृत्तिको सम्बन्धमा अवसर प्राप्तका अभिभावकको प्रतिक्रिया | २२ |
| ६ | विद्यालय जाने प्रवृत्तिको सम्बन्धमा अवसर अप्राप्तका अभिभावकको प्रतिक्रिया | २३ |
| ७ | अवसर प्राप्त र अप्राप्त बालबालिकाहरुको विषयगत औसत प्राप्ताङ्क | २४ |
| ८ | अवसर प्राप्त बालबालिकाहरुको मानसिक विकासको अवस्था | २५ |
| ९ | अवसर अप्राप्त बालवालिकाको मानसिक विकासको अवस्था | २६ |
| १० | बालबालिकाहरुको मानसिक विकास सम्बन्धी क्रियाकलापमा सहभागिताबारे शिक्षकको प्रतिक्रिया | २८ |
| ११ | अवसर प्राप्त बालबालिकाहरुको व्यवहार र सीप विकासको अवस्था | २९ |
| १२ | अवसर अप्राप्त बालबालिकाहरुको व्यवहार र सीप विकासको अवस्था | ३० |
| १३ | आधारभूत सीपको सम्बन्धमा शिक्षकको प्रतिक्रिया | ३२ |
| १४ | अवसर प्राप्त बालबालिकाहरुको सरसफाई सम्बन्धि सीप विकास | ३२ |
| १५ | अवसर अप्राप्त बालबालिकाहरुको सरसफाई सम्बन्धि सीप विकास | ३३ |
| १६ | सरसफाई सम्बन्धि क्रियाकलाप | ३५ |
| १७ | सरसफाई सम्बन्धमा अवसर प्राप्त अभिभावकको प्रतिक्रिया | ३५ |
| १८ | सरसफाई सम्बन्धमा अवसर अप्राप्त अभिभावकको प्रतिक्रिया | ३६ |
| १९ | अवसर प्राप्त बालबालिकाहरुको अतिरिक्त क्रियाकलाप सम्बन्धि सीप विकास | ३६ |
| २० | अवसर अप्राप्त बालबालिकाहरुको अतिरिक्त क्रियाकलाप सम्बन्धि सीप विकास | ३७ |
| २१ | अतिरिक्त क्रियाकलापमा सहभागिता (अवसर प्राप्त) | ३९ |
| २२ | अतिरिक्त क्रियाकलापमा सहभागिता (अवसर अप्राप्त) | ३९ |
| २३ | सामाजिक व्यवहार सम्बन्धि सीप विकास (अवसर प्राप्त) | ४० |
| २४ | सामाजिक व्यवहार सम्बन्धी सीप विकास (अवसर अप्राप्त) | ४१ |
| २५ | सामाजिक व्यवहार सम्बन्धि शिक्षकको प्रतिक्रिया | ४२ |

# स्तम्भचित्र सूची


| चित्र नं. | शीर्षक | पेज |
|---|---|---|
| १ | अवसर प्राप्त र अवसर अप्राप्त बालबालिकाको औसत उपस्थिति विवरण | २२ |
| २ | अवसर प्राप्त र अप्राप्त बालबालिकाहरुको विषयगत औसत प्राप्ताङ्क | २४ |
| ३ | अवसर प्राप्त बालबालिकाहरुको मानसिक विकासको अवस्था | २६ |
| ४ | अवसर अप्राप्त बालवालिकाको मानसिक विकासको अवस्था | २७ |
| ५ | अवसर प्राप्त बालबालिकाहरुको व्यवहार र सीप विकासको अवस्था | ३० |
| ६ | अवसर अप्राप्त बालबालिकाहरुको व्यवहार र सीप विकासको अवस्था | ३१ |
| ७ | अवसर प्राप्त बालबालिकाहरुको सरसफाई सम्बन्धि सीप विकास | ३३ |
| ८ | अवसर अप्राप्त बालबालिकाहरुको सरसफाई सम्बन्धि सीप विकास | ३४ |
| ९ | अवसर प्राप्त बालबालिकाहरुको अतिरिक्त क्रियाकलाप सम्बन्धि सीप विकास | ३७ |
| १० | अवसर अप्राप्त बालबालिकाहरुको अतिरिक्त क्रियाकलाप सम्बन्धि सीप विकास | ३८ |
| ११ | सामाजिक व्यवहार सम्बन्धी सीप विकास (अवसर प्राप्त) | ४० |
| १२ | सामाजिक व्यवहार सम्बन्धी सीप विकास (अवसर अप्राप्त) | ४१ |

## केही संक्षिप्त शब्दको पूर्ण रूप

| | | |
|---|---|---|
| प्रा.वि. | = | प्राथमिक विद्यालय |
| नि.मा.वि. | = | निम्न माध्यमि विद्यालय |
| मा.वि. | = | माध्यमि विद्यालय |
| स.का. | = | सहयोगी कार्यकर्ता |
| जि.शि.का. | = | जिल्ला शिक्षा कार्यालय |
| क्षे.शि.नि. | = | क्षेत्रिय शिक्षा निर्देशनालय |
| पा.वि.के. | = | पाठ्यक्रम विकास केन्द्र |
| त्रि.वि.वि. | = | त्रिभुवन विश्वविद्यालय |
| वि.नि. | = | विद्यालय निरीक्षक |

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमी

मानव विकास जीवनपर्यन्त निरन्तर चलिरहने प्रक्रिया हो । शारीरिक, मानसिक, संवेगात्मक विभिन्न क्षेत्रको विकास गर्भबाटै सुरु हुन्छ र मृत्यु पर्यन्त चलिरहन्छ । विकासात्मक मनावैज्ञानिकहरुले मानव विकासलाई जन्मपूर्व र जन्म पश्चात् गरी दुई खण्डमा बाँडेका छन् । मनावैज्ञानिकहरुले २ वर्षदेखि ६ वर्षको अवधिलाई प्रारम्भिक बाल्यवस्था नामाकरण गरेका छन् । यस समयमा बाल-बालिकाको विकास तिब्र गतिमा भइरहेको हुन्छ भने उनीहरु चकचके र जिज्ञासु स्वभावका हुन्छन् । सामाजिकिकरण सँगसँगै क्रियात्मक एवं संज्ञात्मक विकासको दृष्टिले पनि यस समयावधिलाई महत्त्वपूर्ण मानिन्छ । यस उमेरमा उनीहरुले बढी नक्कल गर्ने हुनाले अभिभावकहरुले आफ्नो व्यवहारलाई सहज, सरल बनाउन अनि आवश्यक हुन्छ । बाबु-आमाका अनुसार यो उमेर दुःखपूर्ण र खेलौनाको उमेर, शिक्षाविदहरुका अनुसार पूर्व विद्यालयको उमेर र मनोवैज्ञानिकहरुका अनुसार पूर्व बाल समूहको उमेर भनी नामाकरण गरेको पाइन्छ (रेग्मी र श्रेष्ठ, २०६१)।

मानिसको शारीरिक तथा बौद्धिक विकास विभिन्न चरणमा पूरा हुँदै जान्छ जसमध्ये उसको बौद्धिक विकासको ५० प्रतिशत जन्मदेखि ५ वर्षको उमेरमा पूरा हुने कुरा विभिन्न अनुसन्धानले देखाएको छ । प्रारम्भिक बाल्यवस्था वास्तविक रूपमा आधारशीला हो । यस समयमा परेका छाप उनीहरुले गरेका विविध क्षेत्रका अनुभूतिहरुले भावी जीवनलाई निर्देशित गर्ने भएकाले बाल-बालिकाको अन्तरनिहित क्षमतालाई पहिल्याएर उपयुक्त दिशातिर प्रवाहित गरी उनीहरुको शिक्षा स्वास्थ्य, सुरक्षा सम्बन्धी तथा अन्य जीवनोपयोगी तथा स्वालम्वी सीपहरु हासिल गराउन सबै अभिभावक, शिक्षक, सहयोगी कार्यकर्ता, स्याहार-सुसार गर्ने व्यक्तिहरुको कर्तव्य हुन आउँछ ।

'प्रारम्भिक बालविकास कार्यक्रम' भन्नाले प्राथमिक कक्षामा भर्ना हुन निर्धारित ५ वर्ष उमेर पूरा भइनसकेका बाल-बालिकाहरुको शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक विकास लगायत सर्वाङ्गिण विकासका लागि संचालन गरिने कार्यक्रम हो भन्ने सम्झनुपर्छ (शिक्षा विभाग, २०६१)।

बाल-बालिकाको उमेर सामाजिक परिवेश अनुसार उपयुक्त शैक्षणिक क्रियाकलापको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सिकाई क्रियाकलाप संचालन गर्नु नै प्रारम्भिक बाल विकास कार्यक्रमको प्रमुख लक्ष्य हो । प्रारम्भिक बाल-विकास कार्यक्रमको मुख्य कार्य बाल-बालिकामा आफूप्रति आत्मविश्वास जगाउनु, समाज र अन्य व्यक्तिप्रति सकारात्मक सोच विकास गर्नु,

चुनौति, बाधा, सफलता, असफलतामा संवेगात्मक सन्तुलन कायम गर्न सहयोग गर्नुका साथै सामाजिक र व्यवहारिक मूल्य-मान्यताका आधारमा व्यवहारिक सिकाई र सीप प्रदान गरी उनीहरुमा राष्ट्रियता, संस्कृति र मानवीय मूल्यको विकासका लागि आधारशिला खडा गर्नु हो ।

यस उमेरका बाल-वालिकाले अहिले सिकेका ज्ञानहरु नै भविष्यको सिकाइका लागि आधारशिला हुने भएकाले यस तहका बाल-वालिकाहरुलाई 'सिक्नका लागि सिक्ने' अभिप्रायले मनोरञ्जनात्मक वातावरणबाट प्राप्त अनुभवको माध्यमबाट अन्तर निहित क्षमतालाई प्रष्फुटन गराई उनीहरुलाई भविष्यमा उच्चस्तरका ज्ञान सिक्न र असल जीवनयापन गर्न सक्षम बनाउनुपर्छ । यसका लागि प्रारम्भिक बालविकास कार्यक्रमले निर्दिष्ट गरेका शैक्षिक लक्ष्यहरु यसप्रकार छन् ।

बाल-वालिकालाई आफ्नो वातावरण तथा परिवेशमा उपलब्ध अनुभवहरुमा सकारात्मक दृष्टि राखी स्वस्थ रहन तथा मानसिक विकास गर्न मद्दत गर्नुपर्छ । सहयोगी, स्वालम्बी, स्वतन्त्र, इमान्दार बनी समाजमा मिलेर रहन प्रेरित गर्नुपर्दछ । सामाजिक, शारीरिक नैतिक विकासमा टेवा पुऱ्याई प्राकृतिक, सामाजिक, धार्मिक वातावरणप्रति सकारात्मक भावनाको विकास गर्न सहयोग गर्नुपर्दछ । सृजनात्मक प्रतिभा प्रष्फुटन गर्न विभिन्न क्रियाकलापहरुमा संलग्न गराउनुका साथै भाषिक सचेतना गर्ने र दैनिक क्रियाकलापहरुमा उपयुक्त भाषा प्रयोग गर्नका लागि सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सीपप्रति अभिरुची जगाउनुपर्छ । प्राथमिक तहको शिक्षाको लागि तयारी गर्ने क्रममा सिकाइ अभिरुची भाषा, साहित्य, गणित, विज्ञान र कलाप्रति सकारात्मक सोच विकास गरी विषयहरुको प्रारम्भिक अवधारणाको जग बसाल्न सहयोग गर्नुपर्छ (शिक्षा विभाग, २०६२) ।

प्रारम्भिक बालशिक्षा तथा पूर्वप्राथमिक शिक्षाको अनौपचारिक अभ्यास आदिम कालबाट कुनै न कुनै रूपमा हुँदै आए पनि नेपालमा यसको औपचारिक प्रयासको थालनी भने सरकारी स्तरबाट वि.सं. २००७ मा काठमाण्डौमा मन्टेश्वरी विद्यालयको स्थापनाबाट भएको पाइन्छ । यस मन्टेश्वरी विद्यालयका लागि आवश्यक पर्ने - शिक्षक-शिक्षिकालाई तालिम सुरु-सुरुमा भारतमा पठाएर दिइएको थियो । वि.सं. २०२० सालमा उक्त मन्टेश्वरी विद्यालय तत्कालिन ल्याबेरोटरी स्कुलमा गाभिएको थियो भने वि.सं. २०२२ सालदेखि बाल-मन्दिरको व्यवस्था भई शिशु कक्षा सम्बन्धी कार्यक्रमहरु संचालन हुने थालेका थिए (ढकाल, २०६३) ।

नेपालमा विभिन्न समयमा गठित शिक्षा सम्बन्धी समिति तथा आयोगले पूर्व प्राथमिक तथा प्रारम्भिक बाल-शिक्षालाई परिभाषित गर्दै त्यसको संचालन तथा व्यवस्थापनका लागि सुझावहरु

प्रस्तुत गर्दै आएका छन् । राष्ट्रिय शिक्षा योजना आयोग (२०११), सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति (२०१८) ले यस सम्बन्धमा सिफारिस गरेका थिए । शिक्षाा ऐन २०२८ ले पूर्व प्राथमिक शिक्षा भन्नाले ४ वर्ष उमेर पुगेका बाल-वालिकालाई प्राथमिक शिक्षा आयोग (२०४९) ले समेत प्रारम्भिक बाल-विकास कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन सिफारिस गरेको छ (ढकाल र कोइराला (२०६३)।

शिक्षा पाउनु बाल-वालिकाको नैसर्गिक अधिकार हो । संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी घोषणा-पत्र (सन् १९४८) मा शिक्षा पाउनु हरेक व्यक्तिको मानव अधिकार हो भनिएको छ । यसैगरी सन् १९८९ मा संयुक्त राष्ट्रसंघको महासभाले बाल-वालिका सम्बन्धी महासन्धि १९८९ पारित गऱ्यो । यस महासन्धिमा शिक्षा पाउनु बाल-वालिकाको जन्मसिद्ध अधिकार भनी स्पष्ट किटान गरिएको छ (शिक्षा विभाग, २०६३)।

शिक्षा विकासको मेरुदण्ड हो । शिक्षाको समुच्चित विकास नभई अन्य कुनै पनि क्षेत्रको विकास सम्भव छैन र त्यसका लागि शिक्षा जहिले पनि न्यायोचित हुनुपर्छ । सबैको पहुँच शिक्षामा हुनुपर्दछ भन्ने मान्यताका साथ सन् २००० मा सम्पन्न डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार "सबैका लागि शिक्षा" लक्ष्य प्राप्तीका लागि आगामी स्न २०१५ सम्मका लागि शैक्षिक विकासलाई मार्गदर्शन गर्न नेपाल सरकारले सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना सन् २००१-२०१५ र सबैका लागि शिक्षा २००४-२००९ कार्यक्रम मार्फत सघन बाल-स्याहार तथा बाल शिक्षाको विस्तारमा जोड दिएको छ (शर्मा एण्ड शर्मा, २०६४)।

नेपालको शैक्षिक विकासको क्रममा प्रारम्भिक बालविकास कार्यक्रमले उलेख्य भूमिका खेलेको कुरा विभिन्न अध्ययन अनुसन्धानले देखाएको छ । प्रारम्भिक बालशिक्षाको अवसर पाएका बाल-वालिकाहरुको कार्यक्षमता सो अवसर नपाएका बाल-वालिकाको तुलनामा उच्च रहेको पाइएको छ ।

देशभरी संचालन भएका प्रारम्भिक बालविकास कार्यक्रमलाई संचालन गर्न सहयोग पुऱ्याउने प्रमुख संघ-संस्थाहरुमा युनिसेफ, सेभ द चिल्ड्रेन नर्वे, प्लान इन्टरनेसनल, वर्ल्ड भिजन, सेतो गुँरास, इक्वायल एक्सेस, नेपाल बाल सुरक्षा संघ आदि गैह्र-सरकारी संस्थाहरु हुन भने नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, शिशु शिक्षा शाखा, त्रि.वि.वि., सेरिड आदिले प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धी विभिन्न तालिम, गोष्ठि, सेमिनार, कार्यशाला, पाठ्यक्रम विकास, खोज तथा अनुसन्धान र परीक्षण गर्दै आएका छन् (शिक्षा विभाग, २०६२)।

बाल-वालिका भविष्यका कर्णाधार हुन् । देश विकासका जग हुन् । उनीहरुको समुच्चित विकासका लागि सानैदेखि विद्यालय जाने वातावरण निर्माण गर्नु र उनीहरुको सर्वाङ्गिण विकास गर्न प्रारम्भिक बालविकास कार्यक्रमको उलेख्य भूमिका हुने वर्तमान सन्दर्भमा बालबालिकाको समग्रताको विकास गर्ने उद्देश्यले स्थापना भएका बालविकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयको लोकप्रियता दिनदिनै बढ्दै गइरहेको छ । समुदायमा संचालन भएका तथा विद्यालयमा आवद्ध रहेका बालविकास कार्यक्रमको वर्तमान अवस्था कस्तो छ लेखाजोखा गर्नु आवश्यक छ । यसै परिप्रेक्ष्यमा बालविकास कार्यक्रमको महत्त्वलाई थप स्पष्ट पार्न कार्यक्रम संचालन र यसबाट प्राप्त उपलब्धी कस्तो छ भनी यसको प्रभावकारिता विश्लेषण गर्न यो शोधपत्र तयार पारिएको हो ।

**१.२ समस्याको कथन**

सबैका लागि शिक्षा कार्यक्रमलाई सार्थक बनाउने तथा बाल-वालिकाको सर्वाङ्गिण विकास गर्ने हेतुले नेपालमा सरकारी तथा गैह्र-सरकारी स्तरबाट व्यापकरूपमा प्रारम्भिक बालविकास कार्यक्रमहरु संचालन भइरहेका छन् ।

सबैका लागि शिक्षा कार्यक्रम सन् २००१-२०१५ अनुसार सन् २०१५ सम्ममा सहज भर्नादर ८० प्रतिशत बालविकास केन्द्रवाट कक्षा १ मा जानेदर ८० प्रतिशत पुऱ्याउने लक्ष्य छ । गैह्र-सरकारी तथा निजी स्तरबाट संचालित  शिशु स्याहार, नर्सरी, एल.के.जी., यू.के.जी.का कक्षाहरु पनि प्रशस्तै छन् । बालविकास कार्यक्रमलाई आगामी दिनहरुमा अझ शसक्त, सुदृढ, प्रभावकारी बनाउँदै लैजाने प्रयासहरु भइरहेका छन् । सरकारी र गैह्र-सरकारी दुवै क्षेत्रवाट यसका लागि लगानी बढाइरहेको छ । शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागले प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धी निर्देशिका, बालविकास पाठ्यक्रम, बालविकास क्यालेन्डर, प्रारम्भिक बालविकास रणनीतिपत्र प्रकाशन गरेको छ । यसरी निजी तथा सरकारी स्तरबाट प्रारम्भिक बालविकास कार्यक्रममा लगानी बढाउँदै गरेको सन्दर्भमा यसको प्रभाकारिता, कार्यक्रममा संचालनमा देखा परेका समस्या र कार्यक्रमको उपादेयता पहिचान गर्न यो शोधपत्र तयार गरिएको छ ।

बाल-बालिकाको सर्वाङ्गिण विकासका लागि सरकारी स्तरबाट संचालित यस्ता प्रारम्भिक बालविकास कार्यक्रमका उद्देश्यहरु कति पूरा भइरहेका छन्, कार्यक्रम संचालन भएको ठाउँमा कार्यक्रमको प्रभाव कस्तो परेको छ, बालबालिकाको व्यवहारमा अपेक्षित परिवर्तन ल्याएको छ कि छैन, सहयोगी कार्यकर्ताको भूमिका कस्तो छ, यसबाट शैक्षिक उपलब्धी कति प्राप्त भएका छन् अभिभावकको संलग्नता कस्तो छ भनी वर्तमान अवस्थाको अध्ययन गर्न अति आवश्यक ठानिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा भनेको सभ्यताको मूल हो, विकासको जग हो र शिक्षाको माध्यमले नै समाज सु-सभ्य हुन गएको छ ।  देश विकासका लागि आवश्यक पर्ने सबै खाले जनशक्ति शिक्षाबाट उत्पादन गर्न सकिन्छ । यसमा पनि प्राथमिक शिक्षा जग हो भने प्राथमिक शिक्षामा प्रवेश गर्नका लागि बाल-वालिकालाई तयार गर्ने पहिलो खुड्किलो प्रारम्भिक बाल शिक्षा हो । विकासात्मक मनोवैज्ञानिकका अनुसार प्रारम्भिक बाल्यावस्था पछिल्लो विकासको आधार हो । यस सन्दर्भमा प्राथमिक विद्यालय उमेर पूरा भइनसकेका बालवालिकाहरुलाई दिइने प्रारम्भिक बालशिक्षा बालबालिकाहरुको चौतर्फि विकासमा अहम् भूमिका हुन्छ । यस अध्ययनवाट निस्कने निष्कर्षले शिक्षाको नीति-निर्माणकर्ता, शैक्षिक योजनाकार, शिक्षा प्रशासक, पाठ्यक्रम निर्माता, शिक्षक, सहयोगी कार्यकर्ता तथा सम्बन्धित सबैलाई आवश्यक मद्दत पुऱ्याउने आशा राखिएको छ । साथै प्रारम्भिक बालविकास कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण तथा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त र अप्राप्त बालबालिकाको तुलनात्मक अध्ययनबाट स्थानीय सरोकारवाला संस्था, विद्यालयलाई सहयोग पुग्ने आशा राखिएको छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

यस अध्ययनका लागि निम्न उद्देश्यहरु रहेका छन् :

(क) प्रारम्भिक बालविकास कार्यक्रमको अवस्था लेखाजोखा गर्ने ।

(ख) प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गरेका र नगरेका बालवालिकाको सिकाई उपलब्धीको तुलना गर्नु ।

(ग) प्रारम्भिक वालविकास कार्यक्रमका समस्याहरु पहिचान गर्ने ।

(घ) प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रभावकारी बनाउन सुझावहरु दिने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

प्रारम्भिक बालविकास कार्यक्रम संचालन गरेका केन्द्रहरुमा स्थलगतरूपमा अवलोकन अध्ययन गरी यस अनुसन्धानमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

(क) प्रारम्भिक बालविकास कार्यक्रम संचालन हुने कोठा सफा-सुग्घर, सुरक्षित, हावादार र फराकिलो छ ?

(ख) कक्षाकोठामा बस्नका लागि कार्पेट, सुकुलको व्यवस्था, पीउने पानीको व्यवस्था तथा शैक्षिक र खेल सामाग्रीले सजिएको छ ?

(ग) प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बाल-वालिकाहरु अवसर अप्राप्त बाल-वालिका भन्दा नियमित छन् ?

(घ) अवसर प्राप्त बाल-वालिकाको उपलब्धी अप्राप्तको भन्दा उच्च छ ? प्रारम्भिक बालविकास कार्यक्रमले बाल-वालिकाको व्यवहार विकास र सिकाइमा सुधार ल्याएको छ ?

(ङ) अवसरप्राप्त बालवालिकाहरुको सरसफाई अवसर अप्राप्तको भन्दा राम्रो छ ?

(चो) अवसर प्राप्त बालबालिकाहरु अतिरिक्त क्रियाकलापमा अप्राप्त भन्दा सक्रिय छन् ?

(छ) अवसर अप्राप्तको तुलनामा अवसर प्राप्तको सामाजिक विकास उच्च छ ?

(ज) प्रारम्भिक बालविकास कार्यक्रममा के कस्ता समस्याहरु देखिएका छन् ?

(झ) बालविकास कार्यक्रममा देखापरेका समस्या समाधान गर्न के गर्नुपर्छ ?

## १.६ अध्ययनको परिसिमा

प्रारम्भिक बालविकास कार्यक्रमको महत्त्व बढ्दैं गएपछि देशभर सरकारी, गैह्र-सरकारी क्षेत्र तथा स्थानीय क्लबहरु मार्फत धेरै वालविकास कार्यक्रमहरु संचालित छन् । यस्तो अवस्थामा सम्पूर्ण क्षेत्रमा गई कार्यक्रमको अध्ययन गर्न साधन र स्रोतले नभ्याउने भएकोले झापा जिल्लाको शनिश्चरे स्रोतकेन्द्र अन्तर्गत एकिकृतरूपमा बालविकास कार्यक्रम संचालन गरेका ५ वटा सामुदायिक विद्यालयहरु छनौट गरिएको छ । ती विद्यालयबाट ५ जना सहयोगी कार्यकर्ता र प्रत्येक विद्यालयका ५/५ जनाका दरले जम्मा ५० जना बाल-बालिका अध्ययनका लागि छनौट गरिएको छ । छनौट गरिएका सहयोगी कार्यकर्ताको तालिम, योग्यता र क्रियाशिलताको विश्लेषण, बाल-बालिकाको सिकाई उपलब्धीको विश्लेषण, विद्यालय उपस्थितिको विश्लेषण र प्रारम्भिक बालविकास कार्यक्रमका समस्याहरु पहिचान गरी सुझाव प्रस्तुत गर्ने कार्यमा मात्र यो अध्ययनलाई सिमित गरिएको छ ।

यस अध्ययनका लागि सिमितताहरु यसप्रकार छन् :

(क) यो अध्ययन झापा जिल्लाको शनिश्चरे स्रोत केन्द्र अन्तर्गत बालशिक्षा संचालन गर्ने ५ वटा विद्यालयमा सिमित रहेको छ ।

(ख) अध्ययनबाट प्राप्त नतिजा अध्ययन क्षेत्र बाहिर सामान्यिकरण नहुन सक्छ ।

(ग) द्वितीय स्रोतलाई सत्य हुन भनी मानिएको छ ।

(घ) यो अध्ययन बालकक्षा र कक्षा १ सम्म मात्र सम्बन्धित रहेको छ ।

# परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धान कार्यलाई अगाडि बढाउने क्रममा उक्त विषयमा पहिले गरेका अनुसन्धान सम्बन्धी पूर्व साहित्य र सो अनुसन्धानका विषयलाई निर्देशित गर्ने गरी विद्वानहरुले प्रतिपादन गरेका सिद्धान्तहरुलाई पुनरावलोकन गर्न अति आवश्यक हुन्छ । यस किसिमको पुनरावलोकनले शोधकार्य कुन ढाँचामा अगाडि बढाउने, नमुना छनोट के आधारमा गर्ने, तथ्याङ्कको विश्लेषण कसरी गर्ने, निष्कर्ष कसरी निकाल्ने जस्ता कुराहरुमा सहयोग पुर्‍याउने भएकोले यहाँ पनि निम्नानुसार पूर्व साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाको अवलोकन गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

गौतम (२०६३), ले "प्रारम्भिक बालशिक्षा कार्यक्रमले बाल-बालिकाहरुको सिकाइमा पारेको प्रभाव" शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि २०६३ मा लेख्नुभएको हो । यो शोधपत्रमा नवलपरासी जिल्लाका पाँचवटा बालविकास केन्द्रका २५ जना बालवालिकाहरुलाई नमुना जनसंख्याका रूपमा छनोट गर्नुभएको छ । कक्षा अवलोकन, परीक्षाको नतिजा विश्लेषण र अन्तर्वार्ता जस्ता साधनको प्रयोग गरी तथ्याङ्कको गुणात्मक र संख्यात्मक प्रस्तुतीका आधारमा गौतमले निकालेका महत्त्वपूर्ण निष्कर्षहरु यसप्रकार छन् ।

प्रारम्भिक बालविकास कार्यक्रमको भौतिक अवस्था सामान्ततया सन्तोषजनक रहेको पाइएको छ । प्रारम्भिक बालशिक्षाको अवसर प्राप्त गरेका बाल-वालिकाहरुको उपस्थिति अवसरप्राप्त नगरेकाको तुलनामा राम्रो रहेको छ । अवसर प्राप्त बाल-बालिकाहरुको उत्तीर्णदर अवसर अप्राप्तको तुलनामा राम्रो देखिएको छ । प्रारम्भिक बालशिक्षा प्राप्त गरेका बाल-वालिकाको औसत प्राप्ताङ्क अप्राप्त बाल-वालिकाको तुलनामा राम्रो रहेको छ । प्रारम्भिक बालशिक्षा प्राप्त गर्ने बालबालिकाको व्यक्तिगत सरसफाई सम्बन्धी सीप अप्राप्तको तुलनामा उच्च रहेको छ । प्रारम्भिक बालविकास कार्यक्रम संचालनमा भवन, कक्षाकोठाको सजावट, छुट्टै खेलमैदान जस्ता विभिन्न समस्याहरु रहेका छन् । यसलाई समाधान गर्न लगानी वृद्धि गर्नुपर्ने देखिन्छ ।

उक्त शोधपत्रमा बालशिक्षाले बालबालिकाको सिकाईमा पारेको प्रभावको विश्लेषणलाई मुख्य उद्देश्य बनाइएको थियो भने सहयोगी कार्यकर्ताको क्षमता, समस्या तथा नियमितताको विषयमा विश्लेषण गरेको पाइएन । यस अध्ययनमा सहयोगी कार्यकर्ताको तालिम, कार्यदक्षता तथा नियमितताको सम्बन्धमा पनि विश्लेषण गरिएको छ (गौतम, २०६३)।

पौडेल (२०६६), ले 'प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता' नामक शोधपत्र २०६६ मा लेख्नुभएको हो । यस शोधपत्रमा अवलोकन फाराम, प्रश्नावली, अन्तर्वार्ता, परीक्षा नतिजा विश्लेषण जस्ता साधनको प्रयोग गरी तथ्याङ्कको संख्यात्मक र गुणात्मक प्रस्तुतीको आधार पौडेलले निकालेका महत्त्वपूर्ण निष्कर्षहरु यसप्रकार छन् ।

प्रारम्भिक बालविकास कार्यक्रमले बालवालिकाहरुको शैक्षिक विकास, मानसिक विकास र सामाजिक विकासमा उल्लेखनिय सहयोग पुऱ्याएको देखिन्छ । प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरुमा विद्यालय जाने बानीको विकास गराएको छ। बालविकास केन्द्रमा सहयोगी कार्यकर्तालाई दिएको तालिम अपर्याप्त देखिन्छ । अभिभावकमा बाल अधिकार तथा बालमनोविज्ञान सम्बन्धी चेतना जगाउन अभिभावक शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । बालविकास केन्द्रको भौतिक अवस्था शैक्षिक अवस्थाको अनुगमन र सुपरीवेक्षणलाई नियमित र प्रभावकारी बनाउनुपर्ने देखिन्छ । बालविकास केन्द्रलाई दिइने अनुदान वृद्धि गर्नुपर्ने देखिन्छ ।

उक्त शोधपत्रमा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गरेका र अवसर प्राप्त नगरेका बालबालिकाका बीचमा नियमितत, सरसफाई र शैक्षिक उपलब्धीमा के अन्तर छ भनी विश्लेषण गरेको नपाइएको हुँदा यस अध्ययनमा उक्त विषयहरु सम्बन्धमा पनि विश्लेषण गरिएको छ (पौडेल, २०६६)।

मल्ल र साथीहरु (२०५४), ले प्रारम्भिक बाल्यवस्था भनेको मानव वृद्धि र विकासको महत्त्वपूर्ण अवस्थाको रूपमा लिएका छन् । यस अवस्थामा बालवालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक विकास तीव्र गतिमा हुने हुँदा उनीहरुको अवस्था र क्षमता अनुसारको शैक्षिक प्रक्रिया र स्याहार-सम्भारका बारेमा विस्तृत चर्चा गर्नुभएको छ । यस पुस्तकमा जीवनकै महत्त्वपूर्ण अवस्था मानिने प्रारम्भिक बाल्यवस्थाका विकासका पक्षलाई उजागर गर्दै बालबालिकाको सम्पूर्णताको विकासका लागि शारीरिक, मानसिक, सामाजिक एवं संवेगात्मक विकासको एकिकृत दृष्टिकोण प्रस्तुत गर्नुभएको छ। प्रारम्भिक बाल्यवस्थाको विकासको सम्बन्धमा महान् शिक्षाविद्हरुको सैद्धान्तिक अवधारणालाई परिचित गराउँदै बालवालिकाको समग्र विकासमा अभिभावक, सहयोगी कार्यकर्ता, स्याहार-सुसार गर्ने व्यक्ति, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाले के कस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने स्पष्ट पार्नुभएको छ । बालवालिकालाई सिक्नका लागि स्वतन्त्र, खुल्ला र मनोरञ्जनात्मक वातावरण प्रदान गर्नुपर्ने कुरा समेत यसमा स्पष्ट पारिएको छ ।

बालवालिकाहरुको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक लगायत चौतर्फि विकासका लागि शिशु केन्द्रहरुमा आवश्यक भौतिक व्यवस्थापन (भवन, फर्निचर, खेलमैदान, बँगैचा) अत्यन्त राम्रो हुनुपर्ने कुरा दिग्दर्शित गर्नुभएको छ । प्राकृतिक वातावरणमा बाल केन्द्रित क्रियाकलाप, समस्या समाधान विधि र खेलविधिबाट बालबालिकाको चौतर्फि विकासमा सहयोग पुऱ्याउन सकिने कुरा उल्लेख गर्नुभएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

मानिसका विभिन्न विकासात्मक अवस्था मध्ये प्रारम्भिक बाल्यावस्था अत्यन्तै जिज्ञासु, चञ्चल, नक्कल गर्ने उमेर हो । यस अवस्थामा बालवालिकालाई कडा अनुशासनका बीचमा सिकाउनुको सट्टा खुल्ला वातावरणमा गरेर सिक्ने, खेलेर सिक्ने अवसर प्रदान गर्न सकेमा सिकाई दिगो र अर्थपूर्ण हुन्छ । बालवालिकाले विभिन्न खाले क्षमताहरु जन्मिदै लिएर आएका हुन्छन् । ती क्षमताहरुको प्रकार र मात्रामा फरक हुन सक्छ तथापी सबै बालवालिकालाई आ-आफ्नै सम्भाव्य क्षमताहरु प्रष्फुटन गरी विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आजभोली बालवालिकाको विकासलाई एउटा  पूर्ण दृष्टिकोणको रूपमा लिइएको छ तसर्थ बालविकास कार्यक्रममा उसको सामाजिक, मानसिक र संज्ञानात्मक विकास समावेश भएको हुनुपर्छ ।

रुसोका अनुसार मानिस एक प्राकृतिक प्राणी हो । उसले सिक्नका लागि प्राकृतिक वातावरण, खुल्ला तथा स्वच्छ र रमाइलो वातावरण पाएको खण्डमा उसले सजिलै सिक्न सक्छ। उनका अनुसार शिक्षा प्रदान गर्दा कडा अनुशासनको घेराभित्र राख्नुपर्ने, ऋुरतापूर्ण व्यवहार गरिने, कडा दण्ड सजाय दिने जस्ता आचार-संहिताको विरोध गरिएको छ । बालवालिकाहरुलाई व्यक्तिगत स्वतन्त्रता दिनुपर्ने कुरामा जोड दिइएको  छ । थेल्स, एरिस्टोटल, कम्ते, वेकन आदि विद्वानहरुले प्राकृतिवादका पक्षमा वकालत गरेका छन् । रुसोले आफ्नो सिद्धान्तमा मुख्य गरेर दुईवटा पक्षमा जोड दिएका छन् । मानिसलाई प्राकृतिक प्राणी हुन नदिने बाधाहरु हटाउनुपर्छ । मानवीय प्रवृत्ति र सम्वेगमा जोड दिनुपर्दछ तर बौद्धिकतामा होइन (शर्मा, २०६४ उधृत)।

बालवकालिकालाई स्वतन्त्र रूपमा स्वतस्फूर्त रूपले मौलिक र प्राकृतिक वातावरणमा सिक्ने अवसर दिएमा मात्र उनीहरुमा अपेक्षित, व्यवहारिक परिवर्तन देख्न सकिन्छ र उनीहरुको सर्वाङ्गिण विकास हुन सक्छ भन्ने प्रकृतिवादको मुख्य सिद्धान्तलाई यस अनुसन्धानमा प्रयोग गरिएको छ ।

विलियम जेम्सका अनुसार शिक्षा यस्तो महत्त्वपूर्ण, व्यवहारिक र प्रयोगात्मक मानवीय क्रियाकलाप हो जसले मानिसलाई योग्य सामाजिक नागरिक र आत्मनिर्भर बनाउँछ । उनले

प्रतिपादन गरेको दर्शन प्रयोजनवादका अनुसार पूर्व प्राप्त अनुभवको पुर्ननिर्माण गर्नु शिक्षा हो । त्यसकारण बालबालिकाहरुको आन्तरिक प्रतिभाहरुलाई स्वतन्त्र वातावरणमा प्रष्फुटन गर्ने मौका दिएर उनीहरुलाई योग्य नागरिक बनाउनु शिक्षाको कार्य हो । प्रयोजनवादका अर्का दार्शनिक जोन डिवेका अनुसार विद्यालय एउटा सानो समाज हो । यस समाजमा रहने बालवालिकाहरुलाई खेल्ने र मनोरञ्जन गर्ने किसिमको वातावरण प्रदान गरी सिक्ने अवसर प्रदान गरेमा सिकाई प्रभावकारी दिगो हुने कुरा उल्लेख गरिएको छ (ढकाल र कोइराला, २०६३ उधृत)।

मन्टेश्वरीले बालवालिकाको सर्वाङ्गिण विकासका लागि बाल स्वतन्त्रतामा जोड दिदैं खेलकुदको माध्यमद्वारा शिक्षण गर्नुपर्ने विचार व्यक्त गरेकी छिन् । उनले यस विधिलाई मन्टेश्वरी विधिका रूपमा विकसित गरिन । उनको बाल बगैंचालाई शिक्षा पद्धतिको मेरुदण्डका रूपमा लिइन्छ । उनका अनुसार बालवालिकामा अन्तर्निहित प्रतिभालाई शिक्षाले उजागर गर्नुपर्दछ । बालबालिकालाई स्वतन्त्रातापूर्वक आफ्ना विचार र संवेगहरु व्यक्त गर्न दिनुपर्छ । बालवालिकाहरु आफ्नै गतिले सिक्दछन् । मांशपेशी र ज्ञानेन्द्रियको उचित तालिमलाई प्रारम्भिक बाल्यवस्थाका बालवालिकालाई दिइने शैक्षिक प्रक्रियामा उनले जोड दिएकी छिन् । ज्ञानेन्द्रियहरु बढी क्रियाशील हुन्छन् अतः यस अवस्थाका बालवालिकाहरुमा शिक्षा प्राप्त गर्ने वा सिक्ने क्षमता बढी हुन्छ । ज्ञानको प्रवेशद्वार नै ज्ञानेन्द्रिय भएकोले ज्ञानेन्द्रियहरुलाई विशेष तालिम दिनुपर्छ । यसरी तालिम दिनाले शरीरका इन्द्रीयहरु मजबुत बन्दै जान्छन् र बालकलाई पूर्ण हुन निक्कै सहयोग पुग्छ । यसैबाट बालवालिकामा जीवनमा आइपर्ने जटिल कुराहरु जस्तैः नाप, तौल, रङ्ग, स्वर, आदि बारेको ज्ञान साथै भविष्यमा कुनै कुराको कारण खोजी गर्ने निर्णयात्मक क्षमताको विकास हुन्छ (मल्ल र साथीहरु, उधृत, २०५४)।

माथि उल्लेखित ३ वटा सिद्धान्तलाई आधार मानेर यस अध्ययनलाई अघि बढाइएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

बालवालिकाहरुको ज्ञानेन्द्रियहरुको विकास तिव्र गतिमा हुने हुँदा उनीहरु नयाँ कुरा सिक्नका लागि अत्यन्त जिज्ञासु हुन्छन् । तथापी सिक्ने क्रममा उनीहरु स्वतन्त्रता चाहन्छन् । स्वतन्त्र रूपमा सिक्ने अवसर पाएमा उनीहरुले चाडो सिक्छन् र सिकाई दिगो पनि हुन्छ । यस अध्ययनका लागि पुनरावलोकन गरिएको साहित्यमा प्रारम्भिक बालविकास कार्यक्रमका उपलब्धीहरु, यसले सिकाइ उपलब्धीमा पारेको प्रभाव, बालविकास कार्यक्रममा गरिएको लगानी, लगानीको पर्याप्तता, अपर्याप्तता, सरोकारवालाहरुको संलग्नता सम्बन्धमा अध्ययन गरिएको हुँदा यसले यो शोधपत्र तयार पार्न महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ । गौतम र पौडेलले तयार पारेको शोधग्रन्थको अध्ययन गर्दा बालविकास कार्यक्रमको उपलब्धी र प्रभावकारिता, यस क्षेत्रका समस्याहरुका सम्बन्धमा पनि अध्ययन गर्न पाइएको हुँदा यसले शोधकार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याएको छ ।

यस अध्ययनलाई अगाडि बढाउन रुसोको प्रकृतिवाद र विलियम जेम्सको प्रयोजनवादको पनि अध्ययन विश्लेषण गरिएको छ । प्रकृतिवादका सैद्धान्तिक पक्षहरुलाई अध्ययनका क्रममा समेटिएको छ । जसमा बालक एउटा स्वतन्त्र प्राणी भएको र उसलाई सिक्नका लागि स्वतन्त्र वातावरण आवश्यक पर्ने कुरा स्पष्ट उल्लेख गरिएको छ । त्यसकारण शोधकार्य गर्दा यस सिद्धान्तलाई प्रयोग गर्दा सजिलो भएको छ । त्यसैगरी विलियम जेम्सका अनुसार शिक्षा महत्त्वपूर्ण, व्यवहारिक र प्रयोगात्मक मानवीय क्रियाकलाप हो साथै शिक्षा एक सामाजिक क्रियाकलाप पनि हो । बालवालिकाहरु समाजका महत्त्वपूर्ण अङ्गहरु हुन् भन्ने कुरा स्पपष्ट पारिएको छ । यस तथ्यलाई पनि अध्ययनको क्रममा आत्मसाथ गरिएको हुँदा यसले शोधकार्यमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ । यसका साथै प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धी अन्य शोधपत्र, बालविकास दिग्दर्शन, बालविकास निर्देशिका तथा पत्र-पत्रिकाहरुलाई अध्ययनका स्रोतका रूपमा प्रयोग गरिएको हुँदा सम्बन्धित साहित्यको पुनरावलोकनवाट अध्ययनलाई निष्कर्षमा पुऱ्याउन र निष्कर्षलाई बुझ्न मद्दत पुगेको छ । पूर्व साहित्य र सिद्धान्तको अध्ययनले अनुसन्धानको धारणा बनाउन सहयोग गरेको छ । पूर्व अनुसन्धानमा पत्ता नलागेका तथ्यहरु के के हुन् भनी पत्ता लगाउन, उपयुक्त अनुसन्धान ढाँचा निर्माण गर्न र उचित विश्लेषण प्रक्रिया अबलम्बन गर्न मद्दत पुगेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानमा वस्तु, प्रक्रिया, समस्या तथा घटनाहरुलाई यथास्थितिमा अथवा तिनीहरुको प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ । यसलाई प्राकृतिक खोज पनि भनिन्छ । अध्ययनको क्रममा प्राप्त तथ्याङ्कलाई परिमाणात्मक विधिद्वारा व्याख्या, विश्लेषण गरी निष्कर्ष निकालिएको छ । तथ्याङ्कको विश्लेषणको लागि पूर्व अभिलेख, तथ्याङ्क, बन्द प्रश्नावली र अवलोकनलाई समावेश गरिएको छ ।

## ३.२ जनसंख्या

झापा जिल्लामा रहेका १७ वटा स्रोतकेन्द्र मध्ये शनिश्चरे स्रोत केन्द्र अन्तर्गतका बालविकास केन्द्रहरु, त्यसमा रहेका विद्यार्थीहरु, सहयोगी कार्यकर्ताहरु, शिक्षकहरु, अभिभावकहरु, प्रधानाध्यापकहरु, स्रोत व्यक्तिहरुलाई जनसंख्याको रूपमा लिइएको छ ।

## ३.३ नमुना छनोट विधि र नमुनाको आकार

कुनै पनि अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनका लागि तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण गर्दा सम्पूर्ण जनसंख्याबाट सम्भव हुन अत्यन्तै गाह्रो हुन्छ । समय, स्रोत, साधनका दृष्टिकोणबाट सम्पूर्ण जनसंख्याको अध्ययन गर्न नसकिने हुँदा निश्चित संख्यामा नमुना छनोट गर्नका लागि विभिन्न छनोट विधिहरु प्रयोग र प्रचलनमा छन् । जस्तै : सम्भावनायुक्त नमुना छनोट, सुविधायुक्त नमुना छनोट, उद्देश्यपूर्ण नमुना छनोट आदि । यस अनुसन्धानमा प्रारम्भिक बालविकास केन्द्रको नमुना छनोट सुविधायुक्त नमुना छनोट विधिवाट गरिएको छ भने त्यसमा अध्ययनरत बालवालिकाको छनोट सम्भावनायुक्त नमुना छनोट प्रयोग गर्नुभन्दा पहिला अवसर प्राप्त गर्ने र नगर्ने भनी वर्गीकृत पनि गरिएको छ ।

झापा जिल्लामा रहेका ५३६ वटा बालविकास केन्द्रहरु मध्ये यस अध्ययनका लागि शनिश्चरे स्रोतकेन्द्रका ५ वटा सामुदायिक विद्यालय अन्तर्गतका प्रारम्भिक बालविकास केन्द्रलाई लिइएको छ। ति विद्यालयवाट ५/५ जनाका दरले वालशिक्षाको अवसर प्राप्त र अप्राप्त गरी जम्मा ५० बालवालिकालाई सम्भावनायुक्त नमुना छनोट विधि प्रयोग गरी छनोट गरिएको छ । प्रत्येक विद्यालयवाट एकजना सहयोगी कार्यकर्ता, १ जना प्र.अ. र एकजना शिक्षक उद्देश्यमूलक ढंगले छनोट गरिएको छ । छनोटमा परेका बालवालिकाहरुका ५० जना अभिभावक मध्ये प्रत्येक

विद्यालयवाट २/२ जनाका दरले अवसर प्राप्त र अप्राप्तका १०/१० जना गरी २० जना अभिभावकलाई संभावनायुक्त नमुना छनोट विधिद्वारा छनोट गरिएको छ । अध्ययनमा संलग्न नमुना जनसंख्यालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १ : नमुना जनसंख्या**

| क्र.सं. | विवरण | कूल जनसंख्या | नमूना जनसंख्या |
|---|---|---|---|
| १ | जिल्ला | १ | १ |
| २ | स्रोतकेन्द्र | १७ | १ |
| ३ | विद्यालय | १२ | ५ |
| ४ | बाल-वालिकाहरु | ११९ | ५० |
| ५ | सहयोगी कार्यकर्ता | १२ | ५ |
| ६ | प्रधानाध्यापक | ५ | ५ |
| ७ | शिक्षक | ५ | ५ |
| ८ | अभिभावक | ५० | २० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

### ३.४ नमुना छनोटको आधार

कुनैपनि अध्ययनका लागि नमुना छनोट गर्दा निश्चित आधारहरुका आधारमा छनोट गर्नुपर्दछ । अनुसन्धानको निष्कर्ष विश्वसनीय र बैध हुन सक्ने साथै निष्कर्षलाई सामान्यिकरण गर्न सकिने बनाउनका लागि नमुना छनोट गर्दा विशेष ध्यान पुऱ्याउन पर्ने देखिन्छ । भौगोलिक रूपमा पुग्न सकिने तथ्याङ्क प्राप्त गर्न सकिने जाती, लिङ्ग, समावेशी समेत हुने गरी नमुना छनोट गर्नु आवश्यक हुन्छ । आफूसँग उपलब्ध हुने आर्थिक स्रोतले समेत धान्न सकिने, व्यवहारिक रुपले धान्न सकिने हुने गरी नमुना छनोट गर्नुपर्दछ । यस अनुसन्धानमा पनि भौगोलिकतालाई ध्यानमा राखी स्रोतकेन्द्रलाई छानिएको छ भने निष्कर्षलाई विश्वसनीय र वैध बनाउन जातजाती, लिङ्ग, समावेशितालाई आधार मानि दलित, जनजाती, महिला सबैलाई नमुनामा समेटिएको छ । आर्थिक स्रोतले भ्याउने गरी ५ वटा विद्यालय छनोट गरिएको छ । सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको अध्ययनको उद्देश्य पूरा गर्नु भएकोले उद्देश्यलाई पनि छनोटको आधार बनाइएको छ ।

### ३.५ अनुसन्धानका साधनहरु

कुनै पनि अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनका लागि त्यसमा प्रयोग हुने अनुसनधानका साधनहरुको महत्त्वपूर्ण भूमिका  हुन्छ । अनुसन्धानमा प्रयोग गरिएको साधनहरु विश्वसनीय र बैध भएमा त्यसबाट निस्कने निष्कर्ष पनि भरपर्दो र सामान्यिकरण गर्न सकिने हुन्छ । तसर्थ अनुसन्धानका साधनहरु छनोट गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ । यस अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन निम्नानुसारका अनुसन्धानका साधनहरुलाई प्रयोग गरिएको छ ।

(क) प्रश्नावली

(ख) छलफल निर्देशिका

(ग) तथ्याङ्क संकलन फाराम

(घ) अवलोकन फाराम

(क) यस अन्तर्गत अभिभावक, शिक्षक, प्रधानाध्यापक तथा सहयोगी कार्यकर्ताका लागि प्रश्नहरु पर्दछन् ।

(ख) यस अन्तर्गत प्र.अ., शिक्षक, सहयोगी कार्यकर्ता, अभिभावकसँग गरिएको छलफल निर्देशिका पर्छ ।

(ग) यसका विषयगत प्राप्ताङ्क, उपस्थिति, कक्षाकोठाको आकार सम्बन्धी विवरण पर्दछन् ।

(घ) यस अन्तर्गत बालवालिकाको सरसफाई, सामाजिक व्यवहार, अतिरिक्त क्रियाकलाप र मानसिक विकासका लागि प्रयोग गरिएका फारामहरु पर्दछन् ।

### ३.६ तथ्याङ्कका स्रोतहरु

यस अध्ययनका लागि निम्न प्रकारका तथ्याङ्कका स्रोतको उपयोग गरिएको छ ।

**(क) प्राथमिक स्रोत**

यस अन्तर्गत छलफल, प्रश्नावली, अवलोकन फारामवाट प्राप्त तथ्याङ्कहरु पर्दछन् ।

**(ख) द्वितीय स्रोत**

यस अन्तर्गत विद्यार्थीको प्रगति विवरण, मार्क लेजर, हाजिरी बही, पुस्तक, पत्रपत्रिका, प्रतिवेदन आदिवाट प्राप्त तथ्याङ्कहरु पर्दछन् ।

### ३.७ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययन कार्यलाई निष्कर्षमा पुऱ्याउने प्रमुख वस्तु भनेको तथ्याङ्क हो । यो भरपर्दो र विश्वसनीय हुनुपर्दछ । यसका लागि तथ्याङ्क संकलन गर्ने प्रक्रिया पनि उचित हुनुपर्दछ । यस अध्ययनमा तथ्याङ्क संकलन गर्नका लागि छनोट गरिएका नमुनाको अत्यन्त सुक्षम ढङ्गले अध्ययन गरिएको छ । साधनहरुको सही ढङ्गले प्रयोग गर्ने प्रयास गरिएको छ भने द्वितीय तथ्याङ्क संकलन गर्दा भरपर्दा अभिलखे तथा प्रमाणित गरिएका बही, हाजिरी बही आदिको उपयोग गरिएको छ ।

### ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनमा तथ्याङ्कको व्याख्या विश्लेषण गर्नका लागि तालिकिकरण, स्तम्भचित्र, औसत प्रतिशत आदिको उपयोग गरिएको छ । अवलोकन, मार्क लेजर, हाजिरी बही, प्रश्नावली र अभिलेखलाई तालिकामा देखाइएको छ । तालिकाहरुलाई स्तम्भ चित्रको सहयोगबाट थप प्रष्ट पारिएको छ । बालवालिकाको प्राप्ताङ्क र सीप विकासको अवस्थालाई औसत र प्रतिशतमा प्रस्तुत गरिएको छ । यसका साथै अध्ययन अनुसन्धानका क्रममा प्राप्त भएका प्रतिक्रिया, छलफलवाट प्राप्त जानकारीलाई गुणात्मक विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

गर्भदेखि ६ वर्षसम्मको उमेरलाई प्रारम्भिक बाल्यावस्था भनिन्छ । मानव विकासको विभिन्न चरणहरुमध्ये यो सबैभन्दा महत्त्वपूर्ण चरण हो । यस अवस्थामा उनिहरुको सर्वाङ्गिण विकासका लागि उचित वातावरण प्रदान गर्न सकेमा मात्र उनिहरु पूर्ण मानव बन्न सक्छन् । जसबाट मात्र देशलाई आवश्यक पर्ने सक्षम र असल जनशक्तिको परिपूर्ति सम्भव छ । यसका लागि प्रारम्भिक बालविकास कार्यक्रमको महत्त्वपूर्ण भूमिका रहन्छ । यसै कुरालाई आत्मसाथ गर्दै बालवालिकाको चौतर्फि विकासका लागि सरकारले प्रारम्भिक बालविकास कार्यक्रम संचालन गर्दै आएको छ । सामुदायिक विद्यालयसँग आवद्ध र विद्यालय बाहिर गरी दुई तरिकाबाट बालविकास कक्षाहरु संचालित छन् । यसरी सरकारको तर्फवाट बालविकासका लागि लगानी भइरहेका परिप्रेक्ष्यमा यो कार्यक्रम कति प्रभावकारी रूपमा संचालन भइराखेको छ, यसवाट उपलब्धि अपेक्षाकृत रूपमा हुन सकेको छ कि छैन भनी अध्ययन, अनुसन्धान गर्न झापा जिल्ला अन्तर्गत शनिश्चरे स्रोत केन्द्रका २४ वटा विद्यालय मध्ये बालविकास कार्यक्रम संचालन गरेका १२ वटा विद्यालयवाट ५ वटा विद्यालय छनौट गरिएको छ ।

स्थलगत अध्ययन पश्चात प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारितालाई निम्नानुसारको साधनको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१. प्रारम्भिक बालविकास कार्यक्रमको अवस्था

यस अन्तर्गत बालविकास कार्यक्रम संचालन भएका बालविकास केन्द्रहरुको अध्ययन, अवलोकन गर्ने क्रममा कक्षाकोठाको आकार, खेलमैदान, शैक्षिक सामाग्री, खेल सामाग्री, सहयोगी कार्यकर्ताको योग्यता र तालिम जस्ता कुराहरुलाई आधार लिएको छ । प्राप्त तथ्याङ्कहरुलाई निम्न अनुसार व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१.१ बालविकास कार्यक्रमको भौतिक अवस्था

कुनै पनि शैक्षिक कार्यक्रमलाई उपलब्ध भौतिक स्रोत साधनले पनि प्रभाव पारेको हुन्छ । प्रारम्भिक बालविकास कार्यक्रम प्रभावकारी रूपमा संचालन हुनका लागि पर्याप्त मात्रामा भौतिक स्रोत साधनको व्यवस्था हुनु जरुरी छ । प्रारम्भिक बालविकास कार्यक्रम संचालन गरेको विद्यालयको भौतिक अवस्था अध्ययन गर्ने क्रममा नमुना छनौटमा परेका विद्यालयहरुका बालविकास कार्यक्रमसँग सम्बन्धित कक्षाकोठा, फर्निचर, खेलमैदान, बगैंचा, शौचालय, पिउने पानीको अवस्थालाई अध्ययन गरिएको छ ।

#### ४.१.१.१ कक्षाकोठा

नमुना छनौटमा परेका बालविकास केन्द्र संचालन गरेका विद्यालयहरुको अवलोकन गर्ने क्रममा हरेक विद्यालयले बालकक्षाको लागि छुट्टै कोठाको व्यवस्था गरेको पाइयो । बालविकासको लागि छुट्टयाइएको कोठा सबै विद्यालयमा पक्की र जस्ताको छाना लगाएको पाइयो । कक्षाकोठा सम्बन्धि अन्य विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : कक्षाकोठाको विवरण**

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | लम्बाई/चौडाई (मिटरमा) | प्रति विद्यार्थी क्षेत्रफल (वर्ग मिटरमा) |
|---|---|---|---|---|
| १ | श्री महारानीगञ्ज नि.मा.वि | २३ | ८ ×५ | १.७४ |
| २ | श्री अर्जुनधारा नि.मा.वि. | २९ | ८ ×५ | १.३८ |
| ३ | श्री सिंहदेवी मा.वि. | २१ | ८.५ ×५ | २.०२ |
| ४ | श्री शिवनारायण प्रा.वि. | १६ | ७.५ ×४.५ | २.१ |
| ५ | श्री गणेश नि.मा.वि. | ३० | ८ ×५ | १.३३ |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

शिक्षा नियमावली २०५९ ले पूर्व प्राथमिक तहमा प्रति विद्यार्थी क्षेत्रफल ०.७५ वर्गमिटर भन्दा कम हुनु नहुने कुरा निर्धारण गरेको छ । अध्ययनका लागि छनौटमा परेका सबै बालविकास केन्द्रका कोठाको क्षेत्रफल हेर्दा त्यहाँ प्रति विद्यार्थी १ वर्गमिटर भन्दा माथि देखिएको छ । शैक्षिक कार्यक्रम संचालन गर्नका लागि कोठा पर्याप्त फराकिलो पाइयो । बालकक्षामा विषय कुनाहरु निर्माण गरेको पाइयो ।

#### ४.१.१.२ फर्निचर

छनौटमा परेका बालविकास केन्द्रहरुको अध्ययन गर्दा ३ वटा बालविकास केन्द्रमा कार्पेटको व्यवस्था गरेको र २ वटामा डेक्सबेञ्चको व्यवस्था गरेको पाइयो । हरेक केन्द्रमा कालोपाटी, टेबल र दराजको व्यवस्था गरेको पाइयो ।

#### ४.१.१.३ खेलमैदान

खेलमैदानको अवलोकन गर्दा बालकक्षाका लागि छुट्टै खेलमैदान भएको पाइएन । विद्यालयको खेलमैदानलाई नै प्रयोग गरेको पाइयो । अन्य ठूला विद्यार्थीको कक्षा लागेको बेला बाहिर लगेर खेलाएको पाइयो ।

### ४.१.१.४ शौचालय

नमुना छनौटमा परेका सबै बालविकास केन्द्रहरु विद्यालय अन्तर्गत भएको हुँदा विद्यालयको शौचालयलाई बालविकास र स.का.ले प्रयोग गरेको पाइयो ।

### ४.१.१.५ बगैंचा

अध्ययन गर्ने क्रममा बालविकासका लागि व्यवस्थित किसिमको बगैंचाको व्यवस्था गरेको पाइएन । दुईवटा बालविकास केन्द्रमा सामान्य फूलबारी तथा बगैंचा लगाएको पाइयो ।

### ४.१.१.६ पिउने पानी

अध्ययनका लागि छनौट गरेका सबै बालविकास केन्द्रमा पिउने पानीको उचित प्रबन्ध गरेको पाइयो । विद्यालय हातामा धाराको व्यवस्था गर्नुको साथै कोठामा पानीको बाल्टी तथा मग, ग्लास राखेर पानी पिउने व्यवस्था मिलाएको पाइयो ।

### ४.१.२ शैक्षिक सामाग्रीको अवस्था

कुनैपनि शैक्षिक कार्यक्रमलाई सफल र प्रभावकारी बनाउन शैक्षिक सामाग्रीको महत्त्वपूर्ण भूमिका हुन्छ । अझ बालबालिकाहरु त छुएर, देखेर, खेलेर सिक्ने भएकोले पर्याप्त शैक्षिक सामाग्री हुन आवश्यक छ । छनौटमा परेका विद्यालयहरुको शैक्षिक सामाग्री सम्बन्धी अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : शैक्षिक सामाग्रीको अवस्था**

| क्र.सं. | शैक्षिक सामाग्री | विद्यालय संख्या |
|---|---|---|
| १ | चार्ट, रंगिन कागज, ऐना, काइयो, नेलकटर, दन्तमञ्जन, ब्रस, पाठ्यक्रम, निर्देशिका, साबुन, रुमाल, बल, गुडिया, बालपुस्तिका | ३ |
| २ | चार्ट, रंगिन कागज, ऐना, काइयो, नेलकटर, दन्तमञ्जन, ब्रस, पाठ्यक्रम, निर्देशिका, साबुन, रुमाल, बल, गुडिया, बालपुस्तिका, विविध चित्रहरु, मादल, क्यासेट प्लेयर, टि.भि. | २ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिकाको अध्ययन विश्लेषण गर्दा झापा जिल्लामा नमुना छनौटमा परेका विद्यालयहरुमा बालविकास केन्द्रका लागि उपलब्ध गराइएका शैक्षिक सामाग्रीको अवस्था समान रहेको पाइएन । छनौटमा परेका विद्यालय मध्ये ३ वटा विद्यालयमा जि.शि.का.ले उपलब्ध गराएका चार्ट, नक्सा, रुमाल, ब्रस, पेष्ट, नेलकटर, काइयो जस्ता सामान मात्र रहेको पाइयो भने २ वटा विद्यालयमा जि.शि.का.ले उपलब्ध गराएका शैक्षिक सामाग्रीका अतिरिक्त विभिन्न चार्टहरु, मादल, क्यासेट प्लेयर, बल, टि.भि. जस्ता सामग्रीहरुको व्यवस्था गरेको पाइयो । प्रायः सबै केन्द्रहरुमा खेल सामाग्रीहरु न्युनतम मात्रामा रहेको पाइयो ।

### ४.१.३ सहयोगी कार्यकर्ताको अवस्था

बालविकास कार्यक्रमको उद्देश्यलाई साकार पार्न अहम् भूमिका निर्वाह गर्ने व्यक्ति भनेको सहयोगी कार्यकर्ता हो । नेपाल सरकार तथा विद्यालय व्यवस्थापन समितिले उपलब्ध गराएका भौतिक स्रोत साधन तथा स्वीकृत पाठ्यक्रमको उपयोग गरी बालबालिकाको चौतर्फि विकास गर्नमा सहयोगी कार्यकर्ताको उमेर, लिङ्ग, योग्यता, तालिम, अनुभव, पारिश्रमिक जस्ता कुराहरुले बालविकास केन्द्रमा गरिने क्रियाकलापमा प्रभाव पार्दछ र तिनै क्रियाकलापमा बालबालिकाको चौतर्फि विकास आधारित हुन्छ । छनौटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ता सम्बन्धी सुचनालाई तल प्रस्तुत गरिएको छ ।

#### ४.१.३ .१ लैङ्गिक अवस्था

छनौटमा परेका पाँचवटै विद्यालयका बालविकास केन्द्रमा महिला सहयोगी कार्यकर्ता नियुक्त गरेको पाइयो । महिला सहयोगी कार्यकर्तासँग बालबालिका चाडैं घुलमिल हुने, रमाउने साथै बालबालिकाको हेरचाह राम्रो हुने भएकोले महिला सहयोगी कार्यकर्ता नियुक्ति गर्नु सकारात्मक पक्ष पाइयो ।

#### ४.१.३.२ शैक्षिक योग्यता

नमुना छनौटमा परेका ५ वटा विद्यालयमध्ये ४ वटा विद्यालयमा सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता एस.एल.सी. पाइयो भने एउटा विद्यालयमा आइ.एड्. गरेको पाइयो ।

#### ४.१.३.३ तालिम

नमुना छनौटमा परेका सबै बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताले सरकारद्वारा उपलब्ध गराइएको ९० घण्टे आधारभूत सहयोगी कार्यकर्ता तालिम लिएको पाइयो । यसका अतिरिक्त अन्य तालिम लिएको पाइएन ।

#### ४.१.३.४ अनुभव

छनौटमा परेका बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको अनुभव न्युनतम २ वर्षदेखि ६ वर्षसम्म रहेको पाइएको छ ।

### ४.१.३.५ पारिश्रमिक

प्रत्येक बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई नेपाल सरकारको तर्फबाट रु १८०० उपलब्ध गराएको पाइयो । यसका अतिरिक्त २ वटा विद्यालयले आफ्नो स्रोतबाट केही रकम थप गरेको पाइयो । यसरी सहयोगी कार्यकर्ता पारिश्रमिक मासिक रु. १८०० देखि रु. ३३०० सम्म भएको पाइयो ।

### ४.१.४ विद्यालय उपस्थितिको तुलना

वालविकास कार्यक्रमको अवसर प्राप्त गरेका र नगरेका बालबालिकाहरुको विद्यालय उपस्थिति विश्लेषण गर्न विद्यार्थी हाजिरी बही विश्लेषण र अभिभावकको प्रतिक्रियालाई विश्लेषण गरिएको छ ।

### ४.१.४.१ अवसर प्राप्त र अवसर अप्राप्त बालबालिकाको उपस्थिति

अवसर प्राप्त र अवसर अप्राप्त बालबालिकाको उपस्थिति विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका ४ : अवसर प्राप्त र अवसर अप्राप्त बालबालिकाको औसत उपस्थिति विवरण**

| क्र.सं. | विद्यालयको नाम | अवसर प्राप्त बालबालिकाको | | अवसर अप्राप्त बालबालिकाको | |
|---|---|---|---|---|---|
| | | विद्यालय खुलेको दिन | औसत उपस्थिति | विद्यालय खुलेको दिन | औसत उपस्थिति |
| १ | श्री महारानीगञ्ज नि.मा.वि | २०२ | १६२ | २०२ | १३४ |
| २ | श्री अर्जुनधारा नि.मा.वि. | २०३ | १६५ | २०३ | १३८ |
| ३ | श्री सिंहदेवी मा.वि. | १९७ | १५३ | १९७ | १२९ |
| ४ | श्री शिवनारायण प्रा.वि. | २०० | १५६ | २०० | १२६ |
| ५ | श्री गणेश नि.मा.वि. | २०० | १५८ | २०० | १३१ |

स्रोत : विद्यालयको हाजिरी बही (२०६७)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र १ : अवसर प्राप्त र अवसर अप्राप्त बालबालिकाको औसत उपस्थिति विवरण**




माथिको तालिका र स्तम्भचित्रको अध्ययनवाट स्पष्ट हुन्छ कि  प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालवालिकाको उपस्थिति अवसर अप्राप्त बालबालिकाको तुलनामा उच्च देखिन्छ । प्रारम्भिक बालविकास कार्यक्रम मनोरञ्जनात्मक तथा खेलसँग सम्बन्धित हुने हुँदा बालबालिकाहरु खुसीसाथ विद्यालय जाने हुँदा उनिहरुमा विद्यालय जाने बानिको विकास जस्तै स्वतन्त्र वातावरणमा, स्वतन्त्र क्रियाकलापको अवसर पाएका बालवालिकाहरुको विद्यालय उपस्थिति उच्च देखिएको छ ।

### ४.१.४.२ अभिभावकको प्रतिक्रिया

बालबालिकाहरुको विद्यालय जाने प्रवृत्तिको बारेमा अध्ययन अनुसन्धान गर्नका लागि छनौटमा परेका अभिभावकहरुले दिएको प्रतिक्रियालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ५ : विद्यालय जाने प्रवृत्तिको सम्बन्धमा अवसर प्राप्तका अभिभावकको प्रतिक्रिया**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नियमित रूपमा खुशि भएर जान्छन् । | ७ | ७० |
| २ | फक्याई-फुल्याई पठाउनुपर्छ । | २ | २० |
| ३ | कहिलेकाही मात्र जान्छन् । | १ | १० |

स्रोत : स्थलगत सर्वेक्षण

**तालिका ६ : विद्यालय जाने प्रवृत्तिको सम्बन्धमा अवसर अप्राप्तका अभिभावकको प्रतिक्रिया**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नियमित रूपमा खुशि भएर जान्छन् । | ३ | ३० |
| २ | फक्याई-फुल्याई पठाउनुपर्छ । | ५ | ५० |
| ३ | कहिलेकाही मात्र जान्छन् । | २ | २० |

स्रोत : स्थलगत सर्वेक्षण

माथिको तालिकाको व्याख्या, विश्लेषण गर्दा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर पाएका बालबालिकाहरु स्वतस्फूर्त रूपमा विद्यालय जाने गरेको पाइएको छ । १० जना अभिभावकलाई प्रश्न गर्दा अवसर प्राप्तका अभिभावकहरु १० जना मध्ये ७ जनाले बालबालिकाहरु खुशी भएर नियमितरूपमा विद्यालय जाने गरेको भनि उत्तर प्राप्त भयो । यसरी बालविकास कार्यक्रमको अवसर पाएका बालबालिकाहरु विद्यालय नियमितरूपमा जाने गरेको पाइयो । अर्को तर्फ प्रारम्भिक बालविकास कार्यक्रमको अवसर नपाएका बालबालिकाहरु मध्ये ३० प्रतिशत मात्र नियमित रूपमा खुशी भएर विद्यालय जाने गरेको पाइयो । बाँकी ७० प्रतिशत मध्ये ५० प्रतिशत लाई फकाई-फुल्याई पठाउनुपर्ने र २० प्रतिशत कहिलेकाहीमात्र विद्यालय जाने गरेको पाइयो । यसरी बालविकास कार्यक्रमले बालबालिकाहरुमा विद्यालय जाने वानीको विकास गरेको पाइयो । यसरी रुसोले प्रकृतिवादमा भने जस्तै बालविकास केन्द्रमा खेल्ने, नाच्ने, गाउँने साथै खुल्ला र स्वतन्त्र वातावरण भएको कारणले विद्यालयमा बालवालिकाको उपस्थिति उच्च रहनुका साथै खुशीसाथ सिक्ने गरेको पाइयो ।

## ४.२ बालबालिकाको सिकाई उपलब्धि विश्लेषण

यस अध्ययन अन्तर्गत प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गरेका बालवालिकाहरु र अवसर प्राप्त नगरेका बालवालिकाहरुको कक्षा १ मा प्राप्त गरेको विषयगत औसतको व्याख्या विश्लेषण गरिएको छ ।

### ४.२.१ औसत प्राप्ताङ्क

बालबालिकाहरुको सिकाई उपलब्धि विश्लेषणका क्रममा तथ्याङ्क शास्त्रको महत्त्वपूर्ण विधि औसतको प्रयोग गरिएको छ । कक्षा १ का बालबालिकाहरुको औसत प्राप्ताङ्क यसप्रकार रहेको छ ।


**तालिका ७ : अवसर प्राप्त र अप्राप्त बालबालिकाहरुको विषयगत औसत प्राप्ताङ्क**

| क.सं. | विषय | पूर्णाङ्क | अवसर प्राप्त बालबालिकाको औसत प्राप्ताङ्क | अवसर अप्राप्त बालबालिकाको औसत प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | नेपाली | १०० | ६८ | ५२ |
| २ | अंग्रेजी | १०० | ६१ | ५० |
| ३ | गणित | १०० | ६० | ४८ |
| ४ | सामाजिक तथा सृजनात्मक कला | १०० | ७१ | ४९ |
| ५ | विज्ञान, स्वास्थ्य तथा शारीरिक | १०० | ६६ | ५३ |
| ६ | स्थानीय विषय | १०० | ७२ | ६० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र २ : अवसर प्राप्त र अप्राप्त बालबालिकाहरुको विषयगत औसत प्राप्ताङ्क**



माथिको तालिका र स्तम्भचित्रको अध्ययन गर्दा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गर्ने बालबालिकाको सिकाई उपलब्धि अवसर प्राप्त नगर्ने बालबालिकाको तुलनामा उच्च देखिन्छ । कक्षा १ का जम्मा ६ वटा विषयको औसत प्राप्ताङ्कको अध्ययन गर्दा प्रत्येक विषयमा अवसर प्राप्त बालबालिकाले उच्च अंक ल्याएको पाइन्छ । अभ्न सामाजिक तथा सृजनात्मक कलामा अवसर प्राप्त बालबालिकाको अंक अप्राप्तको तुलनामा निक्कै उच्च देखिन्छ । यसवाट स्पष्ट हुन्छ कि प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गरेका बालबालिकाको सृजनात्मक र रचनात्मक क्षमता अवसर अप्राप्तको तुलनामा निकै राम्रो हुन्छ । यसरी फ्रोबेल र मन्टेश्वरीले भने जस्तै बालमैत्री वातावरणमा हुर्काइएका बालबालिकाको शैक्षिक उपलब्धि उच्च देखिन्छ ।

### ४.२.२ बालबालिकाहरुको मानसिक विकास

प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गरेका बालबालिकाहरुको मानसिक विकास र अवसर प्राप्त गर्न नसकेका बालबालिकाहरुको मानसिक विकासको अवस्थालाई निम्नानुसार तालिकामा देखाइएको छ ।


**तालिका ८ : अवसर प्राप्त बालबालिकाहरुको मानसिक विकासको अवस्था**

| क.सं. | मानसिक विकासका क्षेत्रहरु | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सिर्जनात्मकताको विकास | १५ | ६० | १० | ५० | ० | ० |
| २ | जिज्ञासुपनको विकास | १६ | ६४ | ६ | २४ | ३ | १२ |
| ३ | काल्पनिकताको विकास | १२ | ४८ | ६ | २४ | ७ | २८ |
| ४ | सानो, ठूलो, राम्रो, नराम्रो चिन्ने | १८ | ७२ | ६ | २४ | १ | ४ |
| ५ | गर्न हुने र नहुने पहिचान गर्ने सीपको विकास | १५ | ६० | ५ | २० | ५ | २० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा यसप्रकार देखाइएको छ ।

**चित्र ३ : अवसर प्राप्त बालबालिकाहरुको मानसिक विकासको अवस्था**





**तालिका ९ : अवसर अप्राप्त बालवालिकाको मानसिक विकासको अवस्था**

| क्रस | मानसिक विकासका क्षेत्रहरु | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सिर्जनात्मकताको विकास | ५ | २० | १५ | ४० | १० | ४० |
| २ | जिज्ञासुपनको विकास | ० | ० | ८ | ३२ | १७ | ६८ |
| ३ | काल्पनिकताको विकास | ३ | १२ | ७ | २८ | १५ | ६० |
| ४ | सानो, ठूलो, राम्रो, नराम्रो चिन्ने | ६ | २४ | ७ | २८ | १२ | ४८ |
| ५ | गर्न हुने र नहुने पहिचान गर्ने सीपको विकास | ४ | १६ | ८ | ३२ | १३ | ५२ |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा यसप्रकार देखाइएको छ ।

**चित्र ४ : अवसर अप्राप्त बालवालिकाको मानसिक विकासको अवस्था**




माथिको तालिका तथा स्तम्भचित्रको विश्लेषण गर्दा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गरेका बालबालिकाको मानसिक विकासको अवस्था अवसर अप्राप्तको भन्दा उच्च छ । अवसर प्राप्त गरेका बालबालिकाहरु सिर्जनात्मकताको विकासमा ६० प्रतिशत उत्तम, जिज्ञासुपनको विकासमा ६४ प्रतिशत उत्तम, काल्पनिकताको विकासमा ४८ प्रतिशत उत्तम, तार्किक चिन्तनमा ६० देखि ७२ प्रतिशत उत्तम पाइयो । जब कि अवसर अप्राप्त बालबालिकाहरु उक्त सीपहरुमा १२ देखि २० प्रतिशत मात्र उत्तम पाइयो । यसरी प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको मानसिक विकासमा ठूलो मद्दत पुऱ्याएको कुरा प्रष्ट हुन्छ ।

### ४.२.३ मानसिक विकासको सम्बन्धमा शिक्षकहरुको प्रतिक्रिया

कक्षाकोठामा मानसिक विकासमा निम्ति गरिने कार्यहरु जस्तै : कक्षाकार्य, सिर्जनात्मक कार्य, परियोजना कार्यमा बालबालिकाको सहभागिता सम्बन्धमा शिक्षकको प्रतिक्रियालाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका १० : बालबालिकाहरुको मानसिक विकास सम्बन्धी क्रियाकलापमा सहभागिताबारे शिक्षकको प्रतिक्रिया**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बढी सहभागी हुन्छन् अवसर प्राप्त बालबालिकाहरु | ४ | ८० |
| २ | बढी सहभागी हुन्छन् अवसर अप्राप्त बालबालिकाहरु | ० | ० |
| ३ | दुबै बराबरी सअभागी हुन्छन् । | १ | २० |
| ४ | दुबै कम मात्रमा सहभागी हुन्छन् । | ० | ० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तालिकाको विश्लेषण गर्दा अवसर अप्राप्त बालबालिकाहरु भन्दा असर प्राप्त बालबालिकाहरु मानसिक विकासको क्रियाकलापमा बढी सहभागी भएको देखिन्छ । छनौटमा परेका शिक्षकहरु मध्ये ८० प्रतिशतले अवसर प्राप्त बालबालिकाहरु अवसर अप्राप्त भन्दा सृजनात्मक कार्य, परियोजना कार्य तथा जिज्ञासुपनको विकासमा बढी सक्रिय छन् भनि प्रतिक्रिया दिएका छन् । यसरी प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको मानसिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुँदा यसको उपलब्धि राम्रो भएको प्रष्ट हुन्छ ।

### ४.२.४ सीप विकासको अवस्था

अवसर प्राप्त बालबालिका र अवसर अप्राप्त बालबालिकाहरुको सिकाइको सीप विकासको तुलना गर्न बालबालिकाहरुको कक्षाकोठा अवलोकन, सरसफाई सम्बन्धी सीप विकासको अवस्था, अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप विकासको अवस्था, सामाजिक व्यवहार सम्बन्धी सीप विकासको अवस्था, मानसिक विकासको अवस्था साथै शिक्षक, अभिभावकबाट प्राप्त जानकारीको व्याख्या विश्लेषण गरिएको छ । बालबालिकाको सीप विकासको अवस्थालाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

(१) ६० प्रतिशतभन्दा बढी क्रियाकलापमा सबल बालबालिकाहरु - उत्तम ।

(२) ३२ प्रतिशत देखि ६० प्रतिशत क्रियाकलापमा सबल बालबालिकाहरु - मध्यम ।

(३) ३२ प्रतिशत भन्दा कम क्रियाकलापमा सवल बालबालिकाहरु - निम्न ।

### ४.२.४.१ कक्षाकोठा अवलोकन

प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गरेका बालबालिका र अवसर प्राप्त नगरेका बालबालिकाहरु निम्न लिखित व्यवहार र सीपको आधारमा कक्षाकोठा अवलोकन गरिएको छ ।


**तालिका ११ : अवसर प्राप्त बालबालिकाहरुको व्यवहार र सीप विकासको अवस्था**

| क.सं. | विषयवस्तु | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सुनाई सीपको विकास | १६ | ६४ | ६ | २४ | ३ | १२ |
| २ | बोलाई सीपको विकास | २० | ८० | ५ | २० | ० | ० |
| ३ | लेखाई सीपको विकास | १९ | ७६ | ६ | २४ | ० | ० |
| ४ | सामाजिक विकास | २० | ८० | ५ | २० | ० | ० |
| ५ | वातावरण बुझ्ने सीपको विकास | १५ | ६० | ५ | २० | ५ | २० |
| ६ | जिज्ञासुपनको विकास | १७ | ६८ | ७ | २८ | १ | ४ |
| ७ | नक्कल गर्न सक्ने सीपको विकास | १५ | ६० | १० | ४० | ० | ० |
| ८ | संगठनात्मक सीपको विकास | १५ | ६० | ५ | २० | ५ | २० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र ५ : अवसर प्राप्त बालबालिकाहरुको व्यवहार र सीप विकासको अवस्था**





**तालिका १२ : अवसर अप्राप्त बालबालिकाहरुको व्यवहार र सीप विकासको अवस्था**

| क.सं. | विषयवस्तु | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सुनाई सीपको विकास | १ | ४ | १५ | ६० | ९ | ३६ |
| २ | बोलाई सीपको विकास | ३ | १२ | १२ | ४८ | १० | ४० |
| ३ | लेखाई सीपको विकास | ३ | १२ | १५ | ६० | ७ | २८ |
| ४ | सामाजिक विकास | ० | ० | १६ | ६४ | ९ | ३६ |
| ५ | वातावरण बुझ्ने सीपको विकास | ० | ० | १५ | ६० | १० | ४० |
| ६ | जिज्ञासुपनको विकास | ० | ० | १५ | ६० | १० | ४० |
| ७ | नक्कल गर्न सक्ने सीपको विकास | ५ | २० | १० | ४० | १० | ४० |
| ८ | संगठनात्मक सीपको विकास | ० | ० | ५ | २० | २० | ८० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र ६ : अवसर अप्राप्त बालबालिकाहरुको व्यवहार र सीप विकासको अवस्था**




माथिको तालिकाको र स्तम्भ चित्रको व्याख्या, विश्लेषण गर्दा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गरेको बालबालिकाको तुलनामा राम्रो देखिन्छ । सुनाई, बोलाई र लेखाई जस्ता आधारभूत सीप विकासमा अवसर प्राप्त २५ बालबालिका मध्ये १६ (६४ प्रतिशत), २० (८० प्रतिशत), १९ (७६ प्रतिशत) उत्तम, ६ (२४ प्रतिशत), ५ (२० प्रतिशत), ६ (२४ प्रतिशत) मध्यम र ३ (१२ प्रतिशत), ० (० प्रतिशत) न्यून रहेको पाइयो । त्यसैगरी अवसर अप्राप्त बालबालिकाहरु मध्ये सुनाई, बोलाई र लेखाईमा क्रमशः १ (४ प्रतिशत), ३ (१२ प्रतिशत), ३ (१२ प्रतिशत) उत्तम, १५, (६० प्रतिशत), १२ (४८ प्रतिशत), १५ (६० प्रतिशत) मध्यम र ९ (३६ प्रतिशत) १० (४० प्रतिशत), ७ (२८ प्रतिशत) निम्न रहेको पाइयो ।

यसरी सुनाई, बोलाई र लेखाई जस्ता आधारभूत सीपमा अवसर प्राप्त बालबालिकाहरुको उपलब्धि उच्च रहेको पाइयो । यसैगरी तालिकामा उल्लेखित अन्य सीपहरुमा पनि अवसर प्राप्त बालबालिकाहरुको उपलब्धि अवसर अप्राप्तका तुलनामा उच्च रहेको पाइएको छ ।

प्रयोजनवादको शैक्षिक अवधारणामा "पूर्व प्राप्त अनुभवहरु पूननिर्माण गर्न शिक्षा" भन्ने मूल मर्म अनुसार प्रारम्भिक बालशिक्षाको अनुभवले पछिको शिक्षामा उलेख्य प्रगति गरेको पाइएको छ ।

### ४.२.४.२ आधारभूत सीपको सम्बन्धमा शिक्षकको प्रतिक्रिया

नमुना छनौटमा परेका शिक्षकहरुले सुनाई, बोलाई, लेखाई जस्ता आधारभूत सीपको विकासका सम्बन्धमा दिएको प्रतिक्रियालाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका १३ : आधारभूत सीपको सम्बन्धमा शिक्षकको प्रतिक्रिया**

| क्र.सं. | विषयवस्तु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अवसर प्राप्तको सीप उपयुक्त छ । | ५ | १०० |
| २ | अवसर अप्राप्तीको सीप उपयुक्त छ । | ० | ० |
| ३ | खास फरक छैन | ० | ० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

प्रस्तुत तालिकाको अध्ययन गर्दा अवसर प्राप्त बालबालिकाको आधारभूत सीप विकासको अवस्था राम्रो पाइन्छ । छनौटमा परेका पाचैं जना शिक्षकले अवसर प्राप्त बालबालिकाहरु सुनाई, बोलाई, पढाई र लेखाई जस्ता सीप विकासमा सक्षम भएको उत्तर पाइएको हुँदा प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि पुष्टी हुन जान्छ ।

### ४.२.४.३ सरसफाई सम्बन्धी सीप विकासको अवस्था

बालबालिकाहरुको सरसफाई सम्बन्धी सीप विकासको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका १४ : अवसर प्राप्त बालबालिकाहरुको सरसफाई सम्बन्धी सीप विकास**

| क्र.सं. | विषयवस्तु | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | व्यक्तिगत सरसफाई | १८ | ७२ | ७ | २८ | ० | ० |
| २ | कक्षाकोठाको सरसफाई | २० | ८० | ५ | २० | ० | ० |
| ३ | खानेकुराको सरसफाई | १७ | ६८ | ८ | ३२ | ० | ० |
| ४ | खेलमैदानको सरसफाई | २० | ८० | ५ | २० | ० | ० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र ७ : अवसर प्राप्त बालबालिकाहरुको सरसफाई सम्बन्धी सीप विकास**





**तालिका १५ : अवसर अप्राप्त बालबालिकाहरुको सरसफाई सम्बन्धी सीप विकास**

| क्र.सं. | विषयवस्तु | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | व्यक्तिगत सरसफाई | ५ | २० | १० | ४० | ५ | २० |
| २ | कक्षाकोठाको सरसफाई | ४ | १६ | ६ | २४ | १५ | ६० |
| ३ | खानेकुराको सरसफाई | २ | ८ | ८ | ३२ | १५ | ६० |
| ४ | खेलमैदानको सरसफाई | २ | ८ | १० | ४० | १३ | ५२ |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र ८ : अवसर अप्राप्त बालबालिकाहरुको सरसफाई सम्बन्धि सीप विकास**




माथि प्रस्तुत गरिएको सरसफाई सम्बन्धी तालिका स्तम्भ चित्रको विश्लेषण गर्दा व्यक्तिगत सरसफाई, खानेकुराको सरसफाई, कक्षाकोठाको सरसफाई, खेल्ने मैदानको सरसफाई जस्ता व्यवहारमा बालविकास कार्यक्रमको अवसर पाएका बालबालिकाहरु अवसर अप्राप्त बालबालिकाको तुलनामा राम्रो सीप विकास गरेको पाइयो । व्यक्तिगत सरसफाई अवसर प्राप्त मध्ये ७२ प्रतिशत उत्तम पाइयो भने अवसर अप्राप्तको २० प्रतिशत मात्र उत्तम पाइयो । यसैगरी कक्षाकोठाको सरसफाइमा अवसर प्राप्तको ८० प्रतिशत उत्तम पाइयो भने अवसर अप्राप्तको १६ प्रतिशत उत्तम पाइयो । खेलमैदानको सरसफाइमा अवसर प्राप्तका ६८ प्रतिशत उत्तम पाइयो भने अवसर अप्राप्तका ८ प्रतिशत मात्र उत्तम पाइयो । प्रकृतिवादले भने जस्तै स्वतन्त्र वातावरणमा सिक्ने अवसर दिएमा मात्र बालबालिकाको सबै पक्षको विकास हुन सक्छ भन्ने कुरा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाले सरसफाइप्रति देखाएको सचेतनाले पुष्टि गरेको छ ।

### ४.२.४.४ बालविकास केन्द्रमा सरसफाई सम्बन्धी गराइने क्रियाकलाप

बालविकास केन्द्रमा सरसफाई सम्बन्धी गराइने विभिन्न क्रियाकलापलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १६ : सरसफाई सम्बन्धी क्रियाकलाप**

| क.सं. | विषयवस्तु | प्रयोग हुने सामाग्री |
|---|---|---|
| १ | नङ्ग काट्नु | नेल कटर |
| २ | कपाल कोर्नु | काइयो |
| ३ | हातमुख धुनु | साबुन/पानी |
| ४ | दाँत माभ्न्नु | ब्रस/पेष्ट |
| ५ | कक्षाकोठा सफा गर्नु | कुच्चो/बाल्टी |
| ६ | खेल्ने ठाउँ सफा गर्नु | कागज टिप्ने र बाल्टीमा हाल्ने |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

छनौटमा परेका बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताले नङ काट्ने, हातमुख धुने, कपाल कोर्ने, कक्षाकोठा सफा राख्ने जस्ता अभ्यास गराएको पाइयो । जसले गर्दा बालविकास कार्यक्रमको अवसर पाएका बालबालिकाहरु सरसफाई सम्बन्धी क्रियाकलापमा अभ्यस्त रहेको पाइयो ।

### ४.२.४.५ सरसफाई सम्बन्धमा अभिभावकको प्रतिक्रिया

बालबालिकाले दैनिकरूपमा गर्नुपर्ने सरसफाई सम्बन्धी क्रियाकलापका सम्बन्धमा अभिभावकले दिएको प्रतिक्रियालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १७ : सरसफाई सम्बन्धमा अवसर प्राप्त अभिभावकको प्रतिक्रिया**

| क.सं. | विषयवस्तु | उत्तम | प्रतिशत |
|---|---|---|---|
| १ | आफै नियमित गर्छ | ६ | ६० |
| २ | सम्भाउनु/अह्राउनु पर्छ | ३ | ३० |
| ३ | कहिले काहीमात्र गर्छ | १ | १० |
| ४ | गर्दैन | ० | ० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

**तालिका १८ : सरसफाई सम्बन्धमा अवसर अप्राप्त अभिभावकको प्रतिक्रिया**

| क्र.सं. | विषयवस्तु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफै नियमित गर्छ | २ | २० |
| २ | सम्झाउनु/अह्राउनु पर्छ | ४ | ४० |
| ३ | कहिले काहीमात्र गर्छ | ३ | ३० |
| ४ | गर्दैन | १ | १० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तालिकाको विश्लेषण गर्दा अवसर प्राप्त बालबालिकाका अभिभावकले आफ्ना नानीहरुले सरसफाई नियमित र स्वतस्फुर्त गर्छन भन्ने कुरामा ६० प्रतिशत मत दिएका छन् । त्यसैगरी सम्झाउनुपर्छ भन्नेमा ३० प्रतिशत मत दिएका छन् । तर अवसर अप्राप्त अभिभावकले स्वतस्फुर्त नियमित गर्छ भन्नेमा २० प्रतिशतमात्र, सम्झाउनुपर्छ भन्नेमा ४० प्रतिशत र कहिलेकाही गर्छ भन्नेमा ३० प्रतिशत मत जाहेर गरेका छन् । यस तथ्यको विश्लेषण गर्दा बालविकास कार्यक्रमको अवसर नपाएका बालबालिका भन्दा अवसर पाएका बालबालिकाहरु सरसफाई सम्बन्धि क्रियाकलापमा निपूण हुने कुरा प्रष्ट छ ।

### ४.२.४.६ अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप विकासको अवस्था

अतिरिक्त क्रियाकलाप बालबालिकाको सर्वाङ्गिण विकासका लागि एक महत्त्वपूर्ण कार्य हो । यस प्रकारको सीप विकास गर्ने कार्यमा प्रारम्भिक बालविकास कार्यक्रमको पारेको प्रभावलाई अध्ययन गर्न गरिएको स्थलगत सर्वेक्षणवाट प्राप्त सुचनालाई तलको तालिकामा देखाइएको छ ।


**तालिका १९ : अवसर प्राप्त बालबालिकाहरुको अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप विकास**

| क्र.सं | विषयवस्तु | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | खेल्ने सीप | २० | ८० | ५ | २० | ० | ० |
| २ | चित्र बनाउने सीप | १५ | ६० | १० | ४० | ० | ० |
| ३ | अभिनय गर्ने सीप | १५ | ६० | १० | ४० | ० | ० |
| ४ | गाउने सीप | १८ | ७२ | ७ | २८ | ० | ० |
| ५ | नाच्ने सीप | १५ | ६० | १० | ४० | ० | ० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र ९ : अवसर प्राप्त बालबालिकाहरुको अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप विकास**





**तालिका २० : अवसर अप्राप्त बालबालिकाहरुको अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप विकास**

| क्र.सं. | विषयवस्तु | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | खेल्ने सीप | १० | ४० | १० | ४० | ५ | २० |
| २ | चित्र बनाउने सीप | ० | ० | १५ | ६० | १० | ४० |
| ३ | अभिनय गर्ने सीप | ० | ० | १० | ४० | १५ | ६० |
| ४ | गाउने सीप | ५ | २० | १० | ४० | १० | ४० |
| ५ | नाच्ने सीप | ४ | १६ | ११ | ४४ | १० | ४० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र १० : अवसर अप्राप्त बालबालिकाहरुको अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप विकास**




माथिको तालिका र स्तम्भचित्रको विश्लेषण गर्दा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर नपाएका बालबालिकाको तुलनामा अवसर पाएका बालबालिकाहरु अतिरिक्त क्रियाकलापका विभिन्न सीपहरु जस्तै नाच्ने, अभिनय गर्ने, चित्र बनाउने तथा खेलने सीपमा बढी निपूण भएको पाइयो । प्राप्त तथ्याङ्क अनुसार अवसर प्राप्त बालबालिकाहरु मध्ये अधिकांश बालबालिकाहरु अतिरिक्त क्रियाकलापमा उच्च रहेको पाइयो । खेल्ने सपिमा ८० प्रतिशत उत्तम, चित्र बनाउने सीपमा ६० प्रतिशत उत्तम, अभिनय गर्ने सीपमा ६० प्रतिशत उत्तम, चित्र बनाउने सीपमा ६० प्रतिशत उत्तम, अभिनय गर्ने सीपमा ६० प्रतिशत उत्तम, गाउने सीपमा ७२ प्रतिशत उत्तम र नाच्ने सीपमा ६० प्रतिशत उत्तम पाइयो भने अवसर अप्राप्त बालबालिकाहरु मध्ये अधिकांश बालबालिकाहरु मध्ये अधिकांश मध्यम र निम्न अवस्थामा रहेको पाइयो मन्टेश्वरीले भने झैं ज्ञानको प्रवेशद्वारा नै ज्ञानेन्द्रिय भएकोले ज्ञानेन्द्रियलाई विशेष तालिम दिनुपर्छ । यस तालिमको व्यवस्था गर्नाले शरीरका ज्ञानेन्द्रियहरु मजबुत बन्दै जान्छन् र बालकलाई पूर्ण मानव बन्न निक्कै सहयोग पुऱ्याउँछ । प्रारम्भिक बालविकास कार्यक्रमका बालबालिकाले पनि खेल विधिबाट सिक्ने अवसर पाएकाको इन्द्रिय मजबुत भएको र अतिरिक्त क्रियाकलापमा पनि अवसर अप्राप्त भन्दा सबल रहेको देखिएको छ ।

### ४.२.४.७ अतिरिक्त क्रियाकलापमा सहभागिताबारे अभिभावकको प्रतिक्रिया

बालबालिकाहरु फुर्सदको समयमा अतिरिक्त क्रियाकलापमा कतिको सहभागि हुन्छन् भन्ने सम्बन्धमा अभिभावकको प्रतिक्रियालाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका २१ : अतिरिक्त क्रियाकलापमा सहभागिता (अवसर प्राप्त)**

| क.सं. | विषयवस्तु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खेल्ने | १० | १०० |
| २ | गीत गाउने | ९ | ९० |
| ३ | नाच्ने | ९ | ९० |
| ४ | चित्र बनाउने | ७ | ७० |
| ५ | अभिनय गर्ने | ६ | ६० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

**तालिका २२ : अतिरिक्त क्रियाकलापमा सहभागिता (अवसर अप्राप्त)**

| क.सं. | विषयवस्तु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खेल्ने | १० | १०० |
| २ | गीत गाउने | ५ | ५० |
| ३ | नाच्ने | ५ | ५० |
| ४ | चित्र बनाउने | ४ | ४० |
| ५ | अभिनय गर्ने | ३ | ३० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा छनौटमा परेका अवसर प्राप्त बालबालिकाहरुमध्ये उनिहरुका नानीहरुको फुर्सदको समयमा १०० प्रतिशतले खेल्ने, ९० प्रतिशतले गीत गाउने, ९० प्रतिशतले नाच्ने, ७० प्रतिशतले चित्र बनाउने र ६० प्रतिशतले अभिनय गर्ने गरेको पाइयो भने अवसर अप्राप्त मध्येमा भने खेल्ने कार्यमा १०० प्रतिशत भएपनि अन्य क्रियाकलापमा निम्न रहेको पाइयो । यसबाट पनि यो स्पष्ट हुन्छ कि प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको अतिरिक्त क्रियाकलापमा सहभागिता वृद्धि गरी उनिहरुको चौतर्फि विकासमा सहयोग पुऱ्याएको छ ।

### ४.२.४.८ बालबालिकाको सामाजिक सीप विकासको अवस्था

बालबालिकाको सामाजिक विकासको अवस्था सामाजिक विकासको अध्ययन अत्यन्त महत्त्वपूर्ण पक्ष मानिन्छ । प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको सामाजिक विकासमा कस्तो योगदान पु्याएको छ भनि अध्ययन गर्न प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्रांपत र अवसर अप्राप्त बालबालिकाहरुको स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ ।


**तालिका २३ : सामाजिक व्यवहार सम्बन्धी सीप विकास (अवसर प्राप्त)**

| क.सं. | विषयवस्तु | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मिलेर बस्ने सीप | २० | ८० | ५ | २० | ० | ० |
| २ | मिलेर खेल्ने सीप | १६ | ६४ | ५ | २० | ४ | १६ |
| ३ | अरुलाई आदर गर्ने सीप | १८ | ७२ | ५ | २० | २ | ८ |
| ४ | आफूभन्दा सानालाई माया गर्ने सीप | १५ | ६० | ५ | २० | ५ | २० |
| ५ | आफ्नो परिवारको नाम भन्ने सीप | २० | ८० | ५ | २० | ० | ० |
| ६ | आफ्नो साथीहरुको नाम भन्ने सीप | २० | ८० | ५ | २० | ० | ० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र ११ : सामाजिक व्यवहार सम्बन्धी सीप विकास (अवसर प्राप्त)**




**तालिका २४ : सामाजिक व्यवहार सम्बन्धी सीप विकास (अवसर अप्राप्त)**

| क्र.सं. | विषयवस्तु | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मिलेर बस्ने सीप | ५ | २० | ५ | २० | १५ | ६० |
| २ | मिलेर खेल्ने सीप | ८ | ३२ | १० | ४० | ७ | २८ |
| ३ | अरुलाई आदर गर्ने सीप | ५ | २० | ५ | २० | १५ | ६० |
| ४ | आफूभन्दा सानालाई माया गर्ने सीप | ७ | २८ | ८ | ३२ | १० | ४० |
| ५ | आफ्नो परिवारको नाम भन्ने सीप | १० | ४० | १० | ४० | ५ | २० |
| ६ | आफ्नो साथीहरुको नाम भन्ने सीप | ५ | २० | १० | ४० | १० | ४० |

स्रोत : स्थलगत सर्वेक्षण (२०६८)

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र १२ : सामाजिक व्यवहार सम्बन्धी सीप विकास (अवसर अप्राप्त)**



माथिको तालिका र स्तम्भ चित्रको व्याख्या विश्लेषण गर्दा बालबालिकाहरुको सामाजिकिकरण बालविकास कार्यक्रमको अवसर नपाएकाको तुलनामा अवसर पाएका

बालबालिकाको सबल भएको पुष्टि हुन्छ । मिलेर बस्ने सीप, मिलेर खेल्ने सीप, बालबालिकाहरु ६० देखि ८० प्रतिशतसम्म उत्तम रहेको पाइयो भने यस्ता सीपमा अवसर अप्राप्त बालबालिकाहरु २० देखि ४० प्रतिशतसम्म मात्र उत्तम रहेको पाइयो । प्रयोजनवादले शिक्षालाई एक सामाजिक प्रक्रियाका रूपमा लिन्छ । शिक्षाले मानिसलाई योग्य सामाजिक नागरिक बनाउँछ भन्ने अवधारणा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकामा देखिएको सामाजिक विकासवाट प्रष्ट हुन्छ ।

### ४.२.४.९ सामाजिक व्यवहार सम्बन्धी शिक्षकको प्रतिक्रिया

बालबालिकाहरुको सामाजिक व्यवहार सम्बन्धि शिक्षकहरुबाट आएको प्रतिक्रियालाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका २५ : सामाजिक व्यवहार सम्बन्धी शिक्षकको प्रतिक्रिया**

| क.सं. | सामाजिक व्यवहार | अवसर प्राप्त सक्रिय छन् | | अवसर अप्राप्त सक्रिय छैनन् | | दुबै बराबरी छन् | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | मिलेर बस्ने | ४ | ८० | ० | ० | १ | २० |
| २ | मिलेर खेल्ने | ४ | ८० | ० | ० | १ | २० |
| ३ | अरुलाई आदर गर्ने सीप | ४ | ८० | ० | ० | १ | २० |
| ४ | सानालाई माया गर्ने सीप | ३ | ६० | ० | ० | २ | ३० |
| ५ | आफ्नो परिवारको नाम भन्ने सीप | ४ | ८० | ० | ० | १ | २० |
| ६ | आफ्नो साथीहरुको नाम भन्ने सीप | ४ | ८० | ० | ० | १ | २० |

माथिको तालिकाको विश्लेषण सामाजिक व्यवहारका पाँचवटा सीपमा अवसर प्राप्त बालबालिका बढी सक्रिय छन् भनि ८० प्रतिशत शिक्षकले जवाफ दिए भने दुबै बराबर छन भन्नेमा २० प्रतिशत शिक्षकले जवाफ दिए । अवसर अप्राप्त बढी सक्रिय छन् भन्ने कोही पनि भएनन् । यसबाट प्रारम्भिक बालविकास कार्यक्रमको अवसर अप्राप्त बालबालिकाहरु भन्दा अवसर प्राप्त बालबालिकाहरु सामाजिक व्यवहारमा निपूण भएको स्पष्ट हुन्छ । यसरी बालबालिकाहरुलाई

प्रयोजनवादमा विलियम जेम्सले भनेजस्तै  खेलको माध्यमबाट प्रयोगात्मक किसिमले सीप क्रियाकलापहरु गराउन सकेमा अपेक्षित सीपहरु प्रभावकारी रूपमा विकास गर्न सकिने कुरा प्रष्ट हुन आएको छ ।

## ४.३ प्रारम्भिक बालविकास कार्यक्रम संचालनमा देखा परेका समस्याहरु

प्रारम्भिक बाल्यावस्थाका बालबालिकाहरु काँचो माटो जस्ता हुन् । उनीहरुलाई सही आकार दिन सकेमा उनिहरु समाज र राष्ट्रका लागि उपयोगी नागरिक बन्न सक्छन् । असल शिक्षा, ज्ञान, सीप तथा धारणाहरु उनीहरुलाई दिन सकेमा साच्चै राष्ट्रका कर्णधार बन्न सक्छन् । यीनै कुराहरुलाई मध्यनजर गर्दै बालबालिकाहरुमा शारीरिक, बौद्धिक, सामाजिक तथा संवेगात्मक पक्षको विकास गरी उनीहरुको हकहितको संरक्षण, सम्वर्द्धन गर्न तथा बातावरणिय सामञ्जस्य कायम राख्दै समाजमा घुलमिल हुने र आधारभूत सीपको विकास गर्ने उद्देश्यले संचालन गरिएको प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग पुऱ्याएको हुँदा यो उपलब्धिपूर्ण भएको देखियो । यद्यपी यो कार्यक्रम संचालन गर्ने क्रममा छनौटमा परेका विद्यालयहरुले धेरै समस्याहरु भोग्नुपरेको पाइयो । अध्ययनका सहयोगी कार्यकर्ता, प्रधानाध्यापक, शिक्षक, अभिभावकहरुसँगको छलफल तथा स्थलगत अवलोकनवाट प्राप्त सुचनाका आधारमा कार्यक्रम संचालनमा देखापरेका समस्याहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.३.१ छुट्टै भवनको व्यवस्था

छनौटमा पररेका बालविकास केन्द्र संचालनगर्नका लागि छुट्टै भवनको व्यवस्था भएको पाइएन । अन्य कक्षाकोठासँग बालकक्षा जोडिएको हुँदा कक्षा संचालनमा असजिलो हुने तथा ठूला कक्षाका विद्यार्थीहरुले समय-समयमा बाधा पुऱ्याएको पाइयो ।

### ४.३.२ उपयुक्त खेलमैदान

बालबालिकाहरुको लागि छुट्टै खेलमैदानको व्यवस्था भएको पाइएन । उनीहरुको उमेर अनुसारको खेल खेलाउनका लागि कठिन महशुस गरेको पाइयो । समग्रमा भएको खेलमैदान पनि घेराबारा नभएको हुँदा खेलखेलाउन कठिन र असजिलो भएको पाइयो ।

### ४.३.३ बगैंचाको व्यवस्था

एउटा विद्यालयमा सामान्यरुपको बगैंचाको व्यवस्था भएको पाइयो भने अन्य चार विद्यालयमा बगैंचाको व्यवस्था नभएको पाइयो ।

### ४.३.४ उपयुक्त फर्निचर

छनौटमा परेका विद्यालयमध्ये २ वटा विद्यालयमा व्यवस्था गरिएका डेक्सबेञ्च उमेर नसुहाउँदो तथा अग्ला थिए । जसले गर्दा बालबालिकाहरुलाई अप्ठ्यारो भएको पाइयो । ३ वटा केन्द्रमा सामान्यरुपमा कार्पेटको व्यवस्था गरेको पाइयो । सामान्यतः एकवटा दराजको व्यवस्था भएपनि सो पर्याप्त भएको पाइएन ।

### ४.३.५ शैक्षिक सामाग्री

बालबालिकाको सिकाई प्रक्रिया प्रभावकारी तथा दिगो बनाउन शैक्षिक सामाग्रीको महत्त्वपूर्ण भूमिका हुन्छ । अध्ययनका लागि छनौटमा परेका बालविकास केन्द्रको अध्ययन अवलोकन गर्दा ३ वटा विद्यालयमा जि.शि.का.बाट उपलब्ध गराइएका सामग्रीमा सिमित रहेको पाइयो भने २ वटा केन्द्रमा कही थप सामग्रीको व्यवस्था गरेको पाइयो । शैक्षिक सामग्री पर्याप्त नभएको हुँदा पाठ्यक्रमले निर्दिष्ट गरेको क्रियाकलाप गराउन कठिन भएको देखिएको छ ।

### ४.३.६ खेल सामाग्री

प्रारम्भिक बालविकास केन्द्रमा प्रवेश गरेका बालबालिकाहरुलाई खेलको माध्यमवाट सिकाउनु पर्छ । तर अध्ययन गरिएका बालविकास केन्द्रमा खेल सामग्री पर्याप्त भएको पाइएन । सबै खालका खेल सामग्री नहुनु र भएका सामग्री पनि थोरै संख्यामा भएकोले समस्या भएको देखिन्छ ।

### ४.३.७ अभिभावक शिक्षा

प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धी निर्देशिकाले परिच्छेद ३ मा प्रारम्भिक बालविकास उमेरका बालबालिकाका अभिभावकहरुलाई लक्षित गरी सम्बन्धित निकायले आफ्नो क्षेत्रमा अभिभावक शिक्षक कार्यक्रम संचालन गर्नुपर्ने कुरा उल्लेख गरेको छ । छनौटमा परेका विद्यालयको प्र.अ., शिक्षक, अभिभावकबाट प्राप्त जानकारी अनुसार यसप्रकारको अभिभावक शिक्षा कार्यक्रम संचालन भएको छैन । जसले गर्दा उनिहरुले बालबालिकाको आवश्यकता, इच्छा, उनिहरुको संवेग बुझ्न नसकेको पाइएको छ ।

### ४.३.८ सहयोगी कार्यकर्तालाई तालिम

साना-साना बालबालिकाहरुको मनोविज्ञान बुझेर शिक्षण गर्दा मात्र सिकाई प्रभावकारी हुन जान्छ । अझ बालविकास केन्द्रमा ५ वर्ष मुनिका बालबालिकाहरु हुने हुँदा बाल मनोविज्ञानको ज्ञान हुन अत्यन्त आवश्यक छ । छनौटमा परेका बालविकास केन्द्रमा परेका सहयोगी कार्यकर्ताले आधारभूत ९० घण्टे तालिम मात्र लिएको पाइयो जुन अपर्याप्त भएको कुरा सहयोगी कार्यकर्ता र प्र.अ.ले बताउनुभएको छ ।

### ४.३.९ सहयोगी कार्यकर्ताको पारिश्रमिक

कुनैपनि कार्य आत्मैदेखि लागी त्यसलाई प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि पारिश्रमिकको महत्त्वपूर्ण भूमिका हुन्छ । राम्रो पारिश्रमिक भएमा राम्ररी काम हुन्छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक नेपाल सरकारले मासिक रु. १८०० मात्र निर्धारण गरेको छ । यो तलब हालको महङ्गी तथा अन्य क्षेत्रमा काम गर्ने मानिसको तुलनामा अत्यन्त न्युन छ जसले स.का.लाई सन्तुष्ट पार्न सकेको छैन ।

### ४.३.१० आर्थिक अभाव

प्रारम्भिक बालविकास कार्यक्रम प्रभावकारी रूपमा व्यवस्थापन संचालन गर्नका लागि आर्थिक अभाव रहेको कुरा अध्ययनले देखाएको छ । सहयोगी कार्यकर्तालाई दिइने रु. १८०० पारिश्रमिक अत्यन्त न्युन छ भने वार्षिक रूपमा शैक्षिक सामग्री खरीद गर्न दिइने रु. १००० अपुग भएको छ । विद्यालयको तर्फवाट केही रकम उपलब्ध गराई पूर्वाधार जुटाउन प्रयास भएको देखिए पनि यो प्रयास अपर्याप्त देखिन्छ ।

### ४.३.११ सुपरिवेक्षण तथा अनुगमन

जुन उद्देश्यले प्रारम्भिक बालविकास कार्यक्रम संचालन गरिएको हो र सो उद्देश्य प्राप्तिको दिशामा निर्दिष्ट हुनुपर्ने कार्यहरु कतिको नियमित र प्रभावकारी रूपमा संचालन भइरहेका छन भनी नियमित रूपमा सुपरिवेक्षण तथा अनुगमन हुन अत्यन्त आवश्यक छ । बालविकास कार्यक्रमका लागि भौतिक पूर्वाधार कस्तो छ ? सहयोगी कार्यकर्ताले आफ्नो जिम्मेवारी पूरा गरेको छ कि छैन् ? उनिहरुका समस्या तथा गुनासाहरु के छन् ? शैक्षिक सामाग्री कतिको पर्याप्त छन् ? जस्ता विषयमा नियमित अनुगमन तथा सुपरिवेक्षण गरी सुधारका लागि आवश्यक सल्लाह-सुझाव उपलब्ध

गराउनका लागि सम्बन्धित निकायवाट कार्यहरु गरिनुपर्ने भएपनि प्रधानाध्यापक बाहेक अन्य निकायवाट प्रभावकारी सुपरिवेक्षण तथा अनुगमन भएको पाइएन ।

माथि उल्लेखित विविध समस्याहरुका साथै स.का.मा न्युनतम पारिश्रमिकका कारणले गर्दा हुने हिनताबोध तथा उदासिनता पनि यस क्षेत्रको एउटा समस्या हो ।

## ४.४ प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु

अध्ययनका क्रममा सहयोगी कार्यकर्ता, शिक्षक, प्रधानाध्यापक, अभिभावक, स्रोत व्यक्ति साथै अन्य सरोकारवालहरुसँगको छलफल, अन्तर्वार्ता आदिको माध्यमबाट निम्न कुराहरुमा आवश्यक सुधार गरी यसको प्रभावकारीता बढाउन सकिने कुरा उल्लेख गरिएको छ ।

### ४.४.१ भौतिक व्यवस्थापनमा सुधार

प्रारम्भिक बालविकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउनका लागि भौतिक पक्षमा सुधार गर्नुपर्ने देखिएको छ । अभिभावक शिक्षकहरु, स.का., प्र.अ. तथा स्रोत व्यक्तिको छलफलबाट प्राप्त निष्कर्ष अनुसार भौतिक व्यवस्थापनका निम्न पक्षमा सुधार गर्नुपर्ने देखिएको छ ।

**(क) भवन** : यस कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालयका अन्य कक्षा संचालन भएकै भवनको कोठामा भइरहेको बालकक्षालाई छुट्टै भवनको व्यवस्था गरी संचालन गर्नुपर्दछ ।

**(ख) कक्षाकोठा** : बालविकासु कार्यक्रमलाई प्रभावकारी बनाउन कक्षाकोठामा रंगरोगन राम्रो गरी भित्तामा आकर्षक चित्रहरु बनाउन आवश्यक छ । यसका साथै यसमा बस्नका लागि कार्पेटको उचित व्यवस्था हुन आवश्यक छ ।

**(ग) खेलमैदान** : विद्यालयकै खेलमैदान बालविकास केन्द्रका बालवालिकाले प्रयोग गर्दा ठूला विद्यार्थीहरु खेलेको समयमा लड्ने, ठोक्किने तथा चोट लाग्ने संभावना हुन्छ । तसर्थ नानीहरुलाई खैलनका लागि छुट्टै खेलमैदान आवश्यक छ ।

**(घ) बगैंचा** : बालवालिकाहरु फूलवारी र बगैंचामा खेलेर रमाउने, सिक्ने भएकोले फूलवारी तथा बगैंचा बनाउन आवश्यक छ ।

**(ङ) पिउने पानी** : अन्य ठूला विद्यार्थी सरह धारमा पानी पिउन बालवालिकाहरुलाई असजिलो भएको हुँदा कक्षाकोठाको नजिकै वा कक्षाकोठामा नै फिल्टरको व्यवस्था गरी स्वच्छ र शुद्ध पिउने पानी उपलब्ध गराउन आवश्यक छ ।

**(च) शौचालय** : अन्य विद्यार्थीले प्रयोग गर्ने शौचालय प्रयोग गर्न बालवालिकाहरुलार्य असजिलो भएको हुँदा छुट्टै शौचालयको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

### ४.४.२ शैक्षिक सामाग्री

सिकाईलाई प्रभावकारी बनाउन शैक्षिक सामाग्रीको महत्त्वपूर्ण स्थान हुने भएकोले निम्न अनुसारका शैक्षिक सामाग्रीको व्यवस्था गर्न आवश्यक छ ।

(क) **तस्विरहरु** : विभिन्न विषयमा तस्विरको माध्यमबाट जानकारी गराउन सकिने भएकोले तस्विरहरुको व्यवस्था गर्नुपर्छ ।

(ख) **तालिका तथा चार्ट** : बालवालिकाहरुलाई तालिका र चार्टको माध्यमबाट विभिन्न विषयमा जानकारी गराउन सकिने भएकोले पर्याप्त मात्रामा चार्ट र तालिकाको व्यवस्था गर्नुपर्दछ ।

(ग) **रेडियो, क्यासेट प्लेयर र टेलिभिजन** : श्रव्यदृश्य सामग्रीको प्रयोगबाट हुने सिकाई प्रभावकारी हुनका साथै यस्ता सामग्रीले कोठाको वातावरण रमाइलो बनाउने हुँदा अभिभावक, स्थानीय संघ-संस्था तथा स्थानीय निकायको पहलमा यस्ता सामाग्रीहरु जुटाउन आवश्यक छ ।

### ४.४.३ खेलसामग्री

बालवालिकाहरु खेलेर सिक्नका लागि उत्सुक हुने भएकोले उनीहरुको उमेर, रुचि र क्षमता अनुसारका खेलसामग्रीहरुको व्यवस्था गर्नु आवश्यक छ । खेल सामग्रीको रूपमा बलहरु, गुडियाहरु, रिङ, चाकाचुली, चिप्लेटी, पिङ आदिको व्यवस्था गर्नुपर्छ । यसको व्यवस्था गर्न  राज्यसँग माग गर्नुपर्दछ ।

### ४.४.४ खाजाको व्यवस्था

प्रारम्भिक बालविकास केन्द्रमा आउने बालवालिकाहरुको उमेर कम हुने भएकोले उनीहरुलाइ समय-समयमा खानाको आवश्यकता पर्दछ । तसर्थ अभिभावक साथै गा.वि.स.सँग साझेदारी गरी दिवा खाजाको व्यवस्था गर्न आवश्यक छ । यसो गर्दा बालवालिकाको स्वास्थ्य राम्रो हुन्छ भने उनीहरु रमाएर बालकेन्द्रमा आउँछन् ।

### ४.४.५ नियमित अनुगमन तथा सुपरिवेक्षण

बालविकास कार्यक्रमलाई प्रभावकारी बनाउन नियमित रूपमा अनुगमन तथा सुपरिवेक्षण गर्न आवश्यक छ । सम्बन्धित विद्यालयका प्र.अ., व्यवस्थापन समितिका पदाधिकारीहरु, गाउँ शिक्षा समिति, स्रोत व्यक्ति, विद्यालय निरीक्षक, जि.शि.अ., सम्पूर्ण पक्षबाट समय-समयमा अनुगमन गरी आवश्यक सल्लाह र सुझाव दिनुपर्दछ ।

### ४.४.६ सहयोगी कार्यकर्तालाई तालिमको व्यवस्था

हाल सहयोगी कार्यकर्तालाई दिइएको ९० घण्टे आधारभूत तालिम अपर्याप्त भएको हुँदा शिक्षा विभागले थप तालिमको व्यवस्था गरी स्रोत केन्द्र मार्फत स.का.लाई आवश्यक तालिम दिनुपर्दछ ।

### ४.४.७ स.का.को पारिश्रमिक

हाल नेपाल सरकारले स.का.लाई दिदैं आएको पारिश्रमिक रु. १८००/- अत्यन्त न्यून छ । यसले हालको महंगीमा उनीहरुको आवश्यकता टार्न नसक्ने भएकोले सरकारले आवश्यक नीति निर्माण गरी पारिश्रमिक वृद्धि गरी स.का.को मनोबल उच्च राख्नुपर्ने देखिन्छ ।

### ४.४.८ अभिभावक शिक्षा

प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि अभिभावकको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । अभिभावक सचेत भएमा मात्र बालवालिकालाई नियमित रूपमा बालकेन्द्रमा पठाउने उनीहरुको सरसफाई तथा पढाई सम्बन्धमा चासो राख्ने भएकोले अभिभावक शिक्षा कार्यक्रम संचालन गर्न आवश्यक छ ।

# परिच्छेद पाँच : अध्ययनको प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ अध्ययनको प्राप्ति

प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि अध्ययन गर्न झापा जिल्ला शनिश्चरे स्रोत केन्द्र अन्तर्गतका एकिकृत रूपमा प्रारम्भिक बालविकास कार्यक्रम संचालन गर्ने पाँचवटा सामुदायिक विद्यालयको स्थलगत अध्ययन, तथ्याङ्कको व्याख्या विश्लेषण साथै सरोकारवालाहरुको प्रतिक्रियावाट प्राप्त जानकारीको आधारमा पाइएको प्राप्तीलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकामा विद्यालय जाने बानिको विकास गरेको छ । प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाको कक्षा १ मा विषयगत औसत उपलब्धि अवसर प्राप्त नगरेका बालबालिकाको तुलनामा उच्च छ । प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गरेका बालबालिकाको औसत उपलब्धि अवसर प्राप्त नगरेका बालबालिकाको तुलनामा उच्च छ । अवसर प्राप्त बालबालिकाहरु सुनाई, बोलाई, लेखाई जस्ता आधारभूत सीपमा अवसर अप्राप्त बालबालिकाभन्दा सबल पाइयो । जिज्ञासुपन, संगठनात्मक सीप, सामाजिक वातावरण बुझ्ने, नक्कल गर्ने जस्ता कार्यमा अवसर प्राप्त बालबालिकाहरु अवसर अप्राप्त बालबालिकाभन्दा सबल देखिए । बालबालिकाको व्यक्तिगत सरसफाई, कक्षाकोठाको सरसफाई, खानेकुराको सरसफाई, खेलमैदानको सरसफाई जस्ता कार्यमा अवसर प्राप्त बालबालिकाहरु अवसर अप्राप्त बालबालिकाभन्दा सक्रिय देखियो । अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप, खेल्ने सीप, गाउने, नाच्ने चित्र बनाउने सीप आदिमा अवसर प्राप्त बालबालिका अवसर अप्राप्त बालबालिकाभन्दा सक्रिय पाइयो । अरुलाई आदर गर्ने, सानालाई माया गर्ने, मिलेर बस्ने, आफ्ना परिवारका सदस्यहरुको नाम भन्ने जस्ता सामाजिक निकासका सीपमा अवसर प्राप्त बालबालिकाहरु अवसर अप्राप्त बालबालिकाभन्दा राम्रो पाइयो । मानसिक विकासका सूचकहरु (सृजनात्मकताको विकास, जिज्ञासुपनको विकास, काल्पनिकताको विकास, तार्किक चिन्तनको विकास) मा अवसर प्राप्त बालबालिकाहरु अवसर अप्राप्तको तुलनामा उच्च छ । नमुना छनौटमा परेका पाँचैवटा बालविकास केन्द्रमा महिला सहयोगी कार्यकर्ताको व्यवस्था गरेको पाइयो । हरेक बालविकास केन्द्रका लागि एक-एक वटा कोठाको व्यवस्था गरेको तर छुट्टै भवनको व्यवस्था गरेको पाइएन । तीनवटा बालविकास केन्द्रमा कार्पेटको व्यवस्था गरेको र २ वटामा डेक्सबेञ्चको व्यवस्था गरेको पाइयो । छनौटमा परेका विद्यालयमा बालविकासका लागि छुट्टै खेलमैदानको व्यवस्था गरेको पाइएन । सबै बालविकास केन्द्रमा छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालयको प्रयोग गरेको पाइयो । छनौटमा परेका बालविकास केन्द्रमध्ये एउटा बगैंचाको व्यवस्था भएको पाइयो । सबै बालविकास

केन्द्रमा पिउने पानीको व्यवस्था भएको पाइयो । २ वटा विद्यालयले स.का. लाई थप पारिश्रमिक दिएको पाइयो । बालविकास केन्द्रको सेवा क्षेत्रमा अभिभावक शिक्षा कार्यक्रम संचालन भएको पाइएन ।

## ५.२ अध्ययनको निष्कर्ष

प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि यस शोधपत्रमा अध्ययन गरिएको छ । स्थलगत अध्ययन, तथ्याङ्कको विश्लेषण, प्रश्नावली, छलफल तथा अन्तरक्रियावाट प्राप्त गरेका सूचना तथा जानकारीका आधारमा निम्न निष्कर्ष निकालिएको छ ।

प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकामा विद्यालय जाने बानीको विकास गराएको छ । प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र शैक्षिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ । प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि सन्तोषजनक भएकोले यसले सबैको मन जित्न सफल भएको देखिएको छ । सहयोगी कार्यकर्तालाई दिइएको तालिम अपुग भएकोले थप तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धि गरी उनिहरुको मनोबल उच्च गर्नुपर्ने देखिन्छ । बालशिक्षा, बालअधिकार, बालबालिकाहरुको मनोविज्ञान बारेमा ज्ञान दिने व्यापकरुपमा अभिभावक शिक्षा कार्यक्रम संचालन गनुपर्ने देखिन्छ । अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी र नियमित बनाउनुपर्ने देखिन्छ । सबै बालविकास केन्द्रमा छुट्टै खेलमैदान र बल बगैंचाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ५.३ अध्ययनको सुझाव

यस अध्ययनवाट प्राप्त निष्कर्ष र सुझावहरुको विश्लेषण गर्दा यसमा देखा परेका समस्याहरुलाई हटाई कार्यक्रमलाई अझ बढी सशक्त र प्रभावकारी बनाई बढी भन्दा बढी उपलब्धिपूर्ण बनाउन निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

(क) प्रारम्भिक बालविकास कार्यक्रमको प्रचारप्रसार बढाई समुदायमा रहको सबै ३-५ वर्ष उमेरका बालबालिकालाई यस कार्यक्रममा ल्याउनुपर्दछ ।

(ख) सहयोगी कार्यकर्तालाई पर्याप्त तालिम दिनुपर्छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धि गर्नुका साथै शैक्षिक सामाग्रीका लागि दिइने अनुदान वृद्धि गर्नुपर्छ ।

(ग) बालविकास कार्यक्रम सम्बन्धी सचेतना अभिवृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गर्नुपर्छ ।

(घ) नियमित र  प्रभावकारी अनुगमनको व्यवस्था गरी बालविकास केन्द्रमा देखा परेका भौतिक तथा शैक्षिक समस्या समाधानमा सहयोग पुऱ्याउनुपर्छ ।

(ङ) बालविकास केन्द्रको भौतिक पूर्वाधार विकासमा स्थानीय निकायलाई सहभागी गराउनुपर्छ ।

(च) अनुगमनका लागि गाउँ शिक्षा समितिलाई उपयोग गर्नुपर्छ ।

(छ) अतिरिक्त क्रियाकलापका माध्यमवाट बालबालिकाको चौतर्फि विकास गर्न छुट्टै खेल मैदानको व्यवस्था गर्नुपर्छ ।

(ज) उल्लेखित कार्यहरु गर्नका लागि स्थानीय निकाय र राज्यको तर्फबाट आवश्यक सहयोग गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भग्रन्थ सूची


गौतम, नवराज (२०६३), *प्रारम्भिक बालशिक्षा कार्यक्रमले बालबालिकाहरुको सिकाइमा पारेको प्रभाव :* काठमाडौं, महेन्द्र रत्न क्याम्पस, ताहाचल (अप्रकाशित स्नात्तकोत्तर तहको शोत्रपत्र) ।

ढकाल, माधवप्रसाद र कोइराला, मातृकाप्रसाद (२०६३), *शिक्षाका आधारहरु,* काठमाण्डौं, रत्न पुस्तक भण्डार ।

नेपाल सरकार (२०६४), *प्राथमिक शिक्षा पाठ्यक्रम २०६२,* शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानो ठिमी, भक्तपुर ।

पौड्याल, तेजस्वी (२०६६), *प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारीता :* सुकुना, सुकुना बहुमखी क्याम्पस, मोरङ्ग (अप्रकाशित स्नात्तकोत्तर तहको शोधपत्र) ।

रेग्मी, मुरारीप्रसाद र श्रेष्ठ, रीता (२०६१), *कक्षाकोठाहरुमा मनोविज्ञान,* काठमाण्डौं, न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा चिरञ्जिवी र शर्मा निर्मला (२०६४), *शिक्षाको दर्शन शास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाण्डौं, राज अफसेट प्रेस ।

शिक्षा विभाग (२०६१), *प्रारम्भिक बाल विकास कार्यक्रम सम्बन्धि निर्देशिका २०६१,* भक्तपुर, नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग ।

शिक्षा विभाग (२०६२), *प्रारम्भिक बालविकास दिग्दर्शन २०६२,* भक्तपुर नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

शिक्षा विभाग (२०६३), *सबैका लागि शिक्षा, सहयोगी पुस्तिका,* भक्तपुर, नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग ।

सेरिड (२०६४), *सबैका लागि शिक्षा २००४-२००९,* फर्मेटिभ अनुसन्धान परियोजना, त्रि.वि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

# प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता

## अनुसूची १ : छनोटमा परेका विद्यालयको नाम र ठेगाना

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री महारानीगञ्ज नि.मा.वि | शनिश्चरे-४ |
| २ | श्री अर्जुनधारा नि.मा.वि. | अर्जुनधारा-३ |
| ३ | श्री सिंहदेवी मा.वि. | खुदुनाबारी-१ |
| ४ | श्री शिवनारायण प्रा.वि. | अर्जुनधारा-३ |
| ५ | श्री गणेश नि.मा.वि. | खुदुनाबारी-१ |

## प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता

### अनुसूची २ : कक्षा १ का बालवालिकाहरुको विषयगत प्राप्ताङ्क फारम

| क्र.सं. | विषय | पूर्णाङ्क | अवसर प्राप्त बालबालिकाको औसत प्राप्ताङ्क | अवसर अप्राप्त बालबालिकाको औसत प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | नेपाली | | | |
| २ | अंग्रेजी | | | |
| ३ | गणित | | | |
| ४ | सामाजिक तथा सृजनात्मक कला | | | |
| ५ | विज्ञान, स्वास्थ्य तथा शारीरिक | | | |
| ६ | स्थानीय विषय | | | |

## प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता

### अनुसूची ३ :सहयोगी कार्यकर्ताको विद्यालयमा उपस्थिति

| महिना | विद्यालय खुलेको दिन | स.का.को नाम | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम : ..... | नाम : ..... | नाम : ..... | नाम : ..... | नाम : ..... | नाम : ..... | नाम : ..... |
| बैशाख | | | | | | | | |
| जेठ | | | | | | | | |
| असार | | | | | | | | |
| श्रावण | | | | | | | | |
| भाद्र | | | | | | | | |
| आश्विन | | | | | | | | |
| कार्तिक | | | | | | | | |
| मंसिर | | | | | | | | |
| पौष | | | | | | | | |
| माघ | | | | | | | | |
| फागुण | | | | | | | | |
| चैत्र | | | | | | | | |

## प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता

### अनुसूची ४ : कक्षा १ का बालवालिकाहरुको विद्यालय उपस्थिति फाराम

| क्र.सं. | विद्यालय खुलेको दिन (२०६७ साल) | अवसर प्राप्त बालवालिकाको जम्मा उपस्थिति दिन (२०६७ साल) | अवसर अप्राप्त बालवालिकाको जम्मा उपस्थिति दिन (२०६७ साल) |
|---|---|---|---|
| | | | |
| जम्मा | | | |

### कक्षा अवलोकन फाराम

| क्र.सं. | विषयवस्तु | उत्तम | मध्यम | न्युन |
|---|---|---|---|---|
| १ | सुनाई सीपको विकास | | | |
| २ | बोलाई सीपको विकास | | | |
| ३ | लेखाई सीपको विकास | | | |
| ४ | सामाजिक विकास | | | |
| ५ | वातावरण बुझ्ने सीपको विकास | | | |
| ६ | जिज्ञासुपनको विकास | | | |
| ७ | नक्कल गर्न सक्ने सीपको विकास | | | |
| ८ | संगठनात्मक सीपको विकास | | | |

### अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप विकासको अवलोकन फाराम

| क्र.सं. | विषयवस्तु | उत्तम | मध्यम | न्युन |
|---|---|---|---|---|
| १ | खेल्ने सीप | | | |
| २ | चित्र बनाउने सीप | | | |
| ३ | अभिनय गर्ने सीप | | | |
| ४ | गाउने सीप | | | |
| ५ | नाच्ने सीप | | | |

## सरसफाई सम्बन्धी अवलोकन फाराम

| क.सं. | विषयवस्तु | उत्तम | मध्यम | न्युन |
|---|---|---|---|---|
| १ | व्यक्तिगत सरसफाई | | | |
| २ | कक्षाकोठाको सरसफाई | | | |
| ३ | खानेकुराको सरसफाई | | | |
| ४ | खेलमैदानको सरसफाई | | | |

## मानसिक विकासको अवलोकन फाराम

| क.सं. | विषयवस्तु | उत्तम | मध्यम | न्युन |
|---|---|---|---|---|
| १ | सिर्जनात्मकताको विकास | | | |
| २ | जिज्ञासुपनको विकास | | | |
| ३ | काल्पनिकताको विकास | | | |
| ४ | सानो, ठूलो, राम्रो, नराम्रो चिन्ने | | | |
| ५ | गर्न हुने र नहुने पहिचान गर्ने सीपको विकास | | | |

## सामाजिक विकास अवलोकन फाराम

| क.सं. | विषयवस्तु | उत्तम | मध्यम | न्युन |
|---|---|---|---|---|
| १ | मिलेर बस्ने सीप | | | |
| २ | मिलेर खेल्ने सीप | | | |
| ३ | अरुलाई आदर गर्ने सीप | | | |
| ४ | आफूभन्दा सानालाई माया गर्ने सीप | | | |
| ५ | आफ्नो परिवारको नाम भन्ने सीप | | | |
| ६ | आफ्नो साथीहरुको नाम भन्ने सीप | | | |

## अनुसूची ५ : कक्षाकोठा रुजु सूची

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | लम्बाई | चौडाई | क्षेत्रफल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ६ : विद्यालयको रुजु सूची

| क.सं. | विवरण | छ | छैन | संख्या | अवस्था | कै. |
|---|---|---|---|---|---|---|
| १ | भवन | | | | | |
| २ | कक्षाकोठा | | | | | |
| ३ | भण्डार कोठा | | | | | |
| ४ | डेक्सबेन्च | | | | | |
| ५ | कालोपाटी | | | | | |
| ६ | सेतापाटी | | | | | |
| ७ | कार्पेट/गुन्द्री | | | | | |
| ८ | पिङ | | | | | |
| ९ | चिप्लेटी | | | | | |
| १० | चाकाचुली | | | | | |
| ११ | खेलमैदान | | | | | |
| १२ | बगैचा | | | | | |
| १३ | शौचालय | | | | | |
| १४ | पानीको व्यवस्था | | | | | |
| १५ | दराज | | | | | |
| १६ | टेलिभिजन | | | | | |
| १७ | क्यासेट प्लेयर | | | | | |
| १८ | कम्प्युटर | | | | | |
| १९ | गुडियाहरु | | | | | |

# प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता

## अनुसूची ७ : सहयोगी कार्यकर्ताको अवस्था

| क्र.सं. | विद्यालयको नाम | स.का.को नाम | लिङ्ग | योग्यता | अनुभव वर्ष | पारिश्रमिक |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता

## अनुसूची ८ : सहयोगी कार्यकर्ताका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको वा केन्द्रको नाम : ..........................................................................

सहयोगी कार्यकर्ताको नाम : ..........................................................................

शैक्षिक योग्यता : ................................ लिङ्ग : ......................... अनुभव वर्ष : .........

तालिमको नाप र अवधि : ..........................................................................

१. तपाईको बालविकास कक्षामा कस्ता-कस्ता बाल सामग्रीहरु छन् ?

(क) ................................ (ख) ................................

(ग) ................................ (घ) ................................

(ङ) ................................

२. के प्राप्त सामग्रीहरु पर्याप्त छन् ?

(क) छन् (ख) छैनन्

३. बालबालिकाहरुलाई कस्ता-ककस्ता क्रियाकलापहरु गराउनुहुन्छ ?

(क) ................................ (ख) ................................

(ग) ................................ (घ) ................................

४. तपाई सरसफाई सम्बन्धी कस्ता क्रियाकलापहरु गराउनुहुन्छ ? ति क्रियाकलापमा प्रयोग गरिने सामग्री समेत उल्लेख गर्नुहोस् ।

| क्रियाकलाप | प्रयोग गरिने सामान |
|---|---|
| ...................................................... | ...................................................... |
| ...................................................... | ...................................................... |
| ...................................................... | ...................................................... |
| ...................................................... | ...................................................... |

५. तपाईको पारिश्रमिक कति छ ? त्यसमा आफू सन्तृष्टु हुनुहुन्छ ?

..........................................................................................................

६. प्रारम्भिक बालविकास कार्यक्रम संचालनमा तपाईले भोग्नुपरेको समस्याहरु के के हुन् ?

(क) ..........................................................................................

(ख) ..........................................................................................

(ग) ..........................................................................................

(घ) ..........................................................................................

७. प्रारम्भिक बालविकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के के सुझाव दिनुहुन्छ ?

(क) ..........................................................................................

(ख) ..........................................................................................

(ग) ..........................................................................................

(घ) ..........................................................................................

## प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता

### अनुसूची ९ : शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

शिक्षकको नाम : ........................................................................................................

विद्यालयको नाम : ....................................................................................................

१. तपाईको पढाउने कक्षा १ मा कस्ता कस्ता शैक्षिक पृष्ठभूमि भएका बालवालिकाहरु भर्ना भएका छन् ?

(क) सोभ्कै कक्षा १ मा ............प्रतिशत

(ख) बालविकास कार्यक्रमबाट ...............प्रतिशत

(ग) कनिजी विद्यालयवाट ...............प्रतिशत

२. बाल शिक्षाको अवसर पाएका र नपाएका बालवालिकाको बीच्मा सुनाई, बोलाई, लेखाई जस्ता सीपमा को बढी सक्रिय छन् ?

(क) बालशिक्षाको अवसर पाएका बढी सक्रिय छन् । ☐

(ख) बालशिक्षाको अवसर नपाएका बढी सक्रिय छन् । ☐

(ग) दुबै बराबर छन् । ☐

३. तपाईले पढाउने कक्षामा अरुलाई आदर गर्ने, सानालाई माया गर्ने, मिलेर बस्ने जस्ता सामाजिक व्यवहारका सीपहरुमा को बढी सक्रिय छन् ।

(क) बालशिक्षाको अवसर पाएका बढी सक्रिय छन् । ☐

(ख) बालशिक्षाको अवसर नपाएका बढी सक्रिय छन् । ☐

(ग) दुबै बराबर छन् । ☐

४. तपाईको कक्षामा कक्षाकार्य, सृजनात्मक कार्य, गृहकार्यमा खास गरी कसको बढी सहभागिता छ ?

(क) अवसर प्राप्त बालबालिकाहरु । ☐

(ख) अवसर अप्राप्त बालवालिकाहरु । ☐

(ग) दुवै बराबर । ☐

(घ) दुवै कम मात्रामा सहभागी हुन्छन् । ☐

५. के तपाई बालविकास कार्यक्रम प्रति सन्तृष्ट हुनुहुन्छ ?

..........................................................................................................................

..........................................................................................................................

६. बालविकास कार्यक्रमका समस्या र चुनौतीहरु के के छन् ?

(क) ..........................................................................................................

(ख) ..........................................................................................................

(ग) ..........................................................................................................

# प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता

## अनुसूची १० : शिशु कक्षाको अवसर प्राप्त अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

नामथर : .....................................................................................................

ठेगाना : .................................. पेशा : .......................................................

शैक्षिक योग्यता : ................................

१. तपाईको छोराछोरी कतिजना छन् ?

.............................................................................................................

२. तपाईका कतिजना छोराछोरी विद्यालय जान्छन् ?

.............................................................................................................

३. तपाईले आफ्नो नानीलाई किन बालविकास केन्द्र पठाउनु भएको हो ?

(क) घरको काममा फुर्सद पाइन्छ भनेर । ☐

(ख) विद्यालयको अनुरोधमा । ☐

(ग) पढन् लेख्न बानी बसाल्न । ☐

४. तपाईको नानीको विद्यालय जाने प्रवृत्ति कस्तो छ ?

(क) नियमित्र खुशी भएर जान्छ । ☐

(ख) फकाई-फुल्याई पठाउनुपर्छ । ☐

(ग) कहिलेकाही बिराएर जान्छ । ☐

५. तपाईको नानी व्यक्तिगत सरसफाइमा हातमुख धुन्के दाँत माझ्ने, कपाल कोर्ने, खानुअघि र चर्पिको प्रयोग गरेपछि साबुनले हात धुने जस्ता कार्य कतिको गर्छन ?

(क) आफै नियमित गर्छ । ☐

(ख) दैनिक सम्झाएर गराउनुपर्छ । ☐

(ग) कहिलकाही मात्र गर्छ । ☐

६. तपाईको नानीले फुर्सदमा गर्ने क्रियाकलाप के के हुन् (√) लगाउनुहोस् :

| | |
|---|---|
| (क) खेल्ने | ........................................................ |
| (ख) गीत गाउने | ........................................................ |
| (ग) चित्र बनाउने | ........................................................ |
| (घ) अभिनय गर्ने | ........................................................ |
| (ङ) नाच्ने | ........................................................ |

७. के तपाई बालविकास कार्यक्रम प्रति सन्तृष्ट हुनुहुन्छ ?

.............................................................................................................

८. तपाईले अभिभावक शिक्षा पाउनुभएको छ ?

.............................................................................................................

९. बालविकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के के सुझाव दिनुहुन्छ ?

.............................................................................................................

## प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता

### अनुसूची ११ :शिशु कक्षाको अवसर अप्राप्त अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

नामथर : ...............................................................................................................

ठेगाना : ..................................... पेशा : ...............................................................

शैक्षिक योग्यता : ..................................

१. तपाईको छोराछोरी कतिजना छन् ?

......................................................................................................................

२. तपाईका कतिजना छोराछोरी विद्यालय जान्छन् ?

......................................................................................................................

३. तपाईले आफ्नो नानीलाई किन बालविकास केन्द्र पठाउनु भएको हो ?

(क) घरको काममा फुर्सद पाइन्छ भनेर । ☐

(ख) विद्यालयको अनुरोधमा । ☐

(ग) पढन् लेख्न बानी बसाल्न । ☐

४. तपाईको नानीको विद्यालय जाने प्रवृत्ति कस्तो छ ?

(क) नियमित्र खुशी भएर जान्छ । ☐

(ख) फकाई-फुल्याई पठाउनुपर्छ । ☐

(ग) कहिलेकाही बिराएर जान्छ । ☐

५. तपाईको नानी व्यक्तिगत सरसफाइमा हातमुख धुक्ने दाँत माझ्ने, कपाल कोर्ने, खानुअघि र चर्पिको प्रयोग गरेपछि साबुनले हात धुने जस्ता कार्य कतिको गर्छन ?

(क) आफै नियमित गर्छ । ☐

(ख) दैनिक सम्झाएर गराउनुपर्छ । ☐

(ग) कहिलकाही मात्र गर्छ । ☐

६. तपाईको नानीले फुर्सदमा गर्ने क्रियाकलाप के के हुन् (√) लगाउनुहोस् :

| | |
|---|---|
| (क) खेल्ने | ............................................................ |
| (ख) गीत गाउने | ............................................................ |
| (ग) चित्र बनाउने | ............................................................ |
| (घ) अभिनय गर्ने | ............................................................ |
| (ङ) नाच्ने | ............................................................ |

७. के तपाई बालविकास कार्यक्रम प्रति सन्तृष्ट हुनुहुन्छ ?

......................................................................................................................

८. तपाईले अभिभावक शिक्षा पाउनुभएको छ ?

......................................................................................................................

९. बालविकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के के सुझाव दिनुहुन्छ ?

......................................................................................................................

## प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता

### अनुसूची १२ : प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

नामथर : ..........................................................................................................

ठेगाना : .................................... .......................................................................

विद्यालयको नाम : ..................................

१. तपाईको विद्यालयमा बालविकास केन्द्र स्थापना गर्नुको उद्देश्य के हो ?

........................................................................................................................

२. बालविकास केन्द्रमा बालवालिकाहरुलाई भर्ना गर्न गर्नुभएका प्रयासहरु के के हुन् ?

(क) पत्राचार/पोष्टर, पम्प्लेट

(ख) आमा भेला

(ग) दिवा खाजा

(घ) घरदैलो कार्यक्रम

३. तपाईको विद्यालयमा बालविकास केन्द्रमा कतिजना बालवालिकाहरु अध्ययनरत् छन् ?

........................................................................................................................

४. बालविकास कार्यक्रममा सहयोग पुऱ्याउने निकायहरु कुन कुन हुन् ?

(क)..................................................................................................................

(ख) .................................................................................................................

(ग) .................................................................................................................

५. तपाईको विद्यालयको सेवाक्षेत्रभित्र अभिभावक शिक्षा कार्यक्रम संचालन भएको छ ?

........................................................................................................................

........................................................................................................................

६. सहयोगी कार्यकर्तालाई दिइने ९० घण्टे आधारभूत तालिम पर्याप्त छ ? छैन भने के गर्नुपर्छ ?

........................................................................................................................

........................................................................................................................

७. बालविकास कार्यक्रमको अनुगमनको अवस्था कस्तो छ ?

| अनुगमन गर्ने निकाय | अनुगमनको अवस्था |
|---|---|
| (क) प्र.अ. | ........................................................ |
| (ख) जि.शि.का. | ........................................................ |
| (ग) स्रोत व्यक्ति | ........................................................ |
| (घ) अन्य | ........................................................ |

८. के तपाई बालविकास कार्यक्रमप्रति सन्तुष्ट हुनुहुन्छ ?

........................................................................................................................

९. बालविकास कार्यक्रमका समस्याह तथा चुनौतीहरु के के छन् ?

(क)..................................................................................................................

(ख) .................................................................................................................

(ग) .................................................................................................................

१०. बालविकास कार्यक्रमलाई प्रभावकारी बनाउन के सुझाव दिनुहुन्छ ?

(क)..................................................................................................................

(ख) .................................................................................................................

(ग) .................................................................................................................

## प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता

### अनुसूची १३ : लक्षित समूह छलफलका लागि प्रश्नावली

१. बालविकास कार्यक्रम को परिचय

२. बालविकास कार्यक्रमको आवश्यकता

३. बालविकास कार्यक्रमले पुऱ्याएको योगदान

४. बालविकास केन्द्रको अवस्था

५. खेलमैदान र बँगैचाको अव्यवस्था

६. शैक्षिक सामग्री, खेल सामग्री, सरसफाई सामग्रीको उपलब्धता

७. स.का.लाई दिइएका तालिम

८. भौतिक तथा आर्थिक समस्याहरु

९. निरीक्षण तथा अनुगमन

१०. बालविकास कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु

धन्यवाद ।